# प्रदेश सभा

## गण्डकी प्रदेश

## विशेष अधिवेशन

## (चौंथो बैठक)

## कार्यवाहीको सम्पूर्ण विवरण

## मितिः- २०७७/०९/२८ गते, विहान ११.०० बजे

प्रदेश सभा, गण्डकी प्रदेशको विशेष अधिवेशनको आजको बैठकको कारबाही माननीय सभामुख श्री नेत्रनाथ अधिकारीको अध्यक्षतामा बिहानको ११:१० मिनेटमा प्रारम्भ भयो।

### माननीय सभामुख नेत्रनाथ अधिकारी

माननीय सदस्यहरु, आजको बैठकको कारवाही प्रारम्भ हुन्छ । माननीय सदस्यहरु सर्वप्रथम म जरुरी सार्वजनिक महत्वको प्रस्ताव दर्ता गर्ने माननीय श्री हरिशरण आचार्यलाई आफ्नो संक्षिप्त वक्तब्य दिन अनुमती दिन्छु ।

(समय १० मिनेट) ।

### माननीय हरिशरण आचार्य

माननीय सभामुखज्यू, हामीले विशेष अधिवेशन माग गरिसके पछाडिको यो चौंथो बैठकमा हामी उपस्थित हुँदै गर्दा आज एउटा जरुरी सार्वजनिक महत्वको प्रस्ताव

लिएर उपस्थित भएको छु । विशेष गरी यो जरुरी सार्वजनिक महत्वको प्रस्तावहरु पेश गर्दै गर्दा आज यो तेस्रो हुन जान्छ । तेस्रो महत्वको यो एउटा प्रस्ताव हामीले पेश गर्दै गर्दा हामीले के खोजिराखेका छौं, हामीले के अपेक्षा गरिराखेका छौं, अथवा त्यो जरुरी सार्वजनिक महत्वको प्रस्तावले के अपेक्षा गरिराखेको छ, हामी माननीयज्यूहरुसँग के खोजिराखेको छ, सरकारसँग के खोजिराखेको छ भन्ने कुरा भन्दा पनि अहिले सरकारमा भएका तिता कटु यथार्थताहरु एक आपसमा जुहारी खेल्ने थलो बनिराखेको छ। त्यसैले माननीयज्यूहरुसँग म बिनम्रताका साथ अनुरोध गर्न चाहान्छु, यो तितो यथार्थता कटु यथार्थता पोख्ने यो थलो होइन, यो एउटा जनताको सरोकारको विषयवस्तु राख्ने थलो हो र जनताका विषयवस्तुहरुलाई हामीले ठिक ढङ्गले हल गर्नका निमित्त हाम्रो चासो र सरोकारका विषयवस्तु राख्न आवश्यकता छ। त्यो अनुरुप आज जरुरी सार्वजनिक महत्वको प्रस्ताव मैले लिएर तपाईहरुको बीचमा उपस्थित भएको छु र विशेष गरी यहाँ नेर कोभिड-१९ को कारणले गर्दा यो मुलुकमा लकडाउन हुन्छ अनि आम्दानीको मुख्य श्रोत मानिएका ३ ओटा क्षेत्रहरु विशेष गरी निर्माण क्षेत्र, उत्पादन क्षेत्र, सेवा क्षेत्र लगायतका यी मुख्य क्षेत्रहरु अहिले डामाडोल भैराखेका छन्। अनि यी क्षेत्रहरुमा यसको प्रत्यक्ष असर पर्दाखेरी अहिले उत्पादन कम भैराखेको छ। जसका कारण आम्दानीको श्रोत पनि घट्न पुगेको छ। क्रय शक्तिमा त्यसले ह्रास आइरहेको छ। हामी खरिद मुल्य र बिक्री मुल्यको अन्तर नाफा हुन्छ भन्ने कुरा हामीले बुझेका छौ। बिक्रेताले नाफा कति लिने भन्ने कुनै मापदण्ड नै छैन। यदि मापदण्ड अनुसार मुल्य निश्चित गर्ने हो भने र बिक्रेताले सोही नियमलाई पालना गरी बजारमा वस्तु बिक्री गर्ने हो भने उपभोक्ता मारमा पर्दैनन् भन्ने कुरा पनि हामीलाई थाहा छ। आज सरकारका प्रतिनिधिहरु सरकारमा जाने प्रतिनिधिहरुले पनि त्यो कुरा राम्रैसँग हेक्का राख्नु भएकै छ। तर उहाँहरु आफैले आज प्रत्येक सामानको बाहिर कभरमा लेखिएको छ एम.आर.पि. यति मुल्य भनेर लेखिएको छ। त्यो एम.आर.पि तोक्नका निम्ति संयुक्त राज्यले एउटा ऐन बनाएको छ। त्यो ऐन स्पष्टरुपमा उल्लेख

गरिएको छ। तर त्यो ऐनमा लेखिएको विषयवस्तु आज हामीले जो प्रत्येकको एम.आर.पि अनुसार त्यसको नाफा कति हो भन्ने कुरा अहिले सम्म नत त्यसको गुण कति छ भनेर नाप्न सकिएको छ । गुण अथवा त्यसको मापन गर्ने जुन कार्यालयहरुले त्यसको कुनै गुण नियन्त्रण कार्यालयहरुले मतलब त्यसलाई गर्न सकेको छ। न तौल त्यसलाई गर्न सकेको छ । जनता आखिर किन नाफामा किन्ने अथवा घाटामा किन्ने अथवा कति नाफा लिएर किन्ने भन्ने कुराको बिक्रेताहरुले अहिले सम्म मतलब छैन अनि सरकारले फेरि त्यहाँ कुन विधि प्रयोग गरेर गर्ने भन्ने पनि त्यो कुनै मापदण्ड बनाउन सकेको छैन। अनि कारवाही काहाँनेर गरेको छ भन्ने कुराको त्यो विषयवस्तु अहिले सम्म आउन सकेको छैन। अहिले मुलुकमा यो कारणले जुन नाफा कति लिने अहिले त्यसको पर मुल्य कति हो भन्ने कुराको विषयवस्तु नहुँदा खेरी अहिले आएर जनताले १२५% भन्दा बढि महङ्गी ब्यहोर्न परिराखेको परिस्थिति छ। यो महङ्गीको कारणले गर्दा खेरी मैले हिजो मात्रै एकजना उपसचिव हुनुहुन्थ्यो मैले उहाँसँग कुरा गरे अनि उहाँले के भन्नु भो मैले एक महिना अगाडि तिर्दा खेरी १७२ रुपैंया मैले त्यो एउटा वस्तु किने र अहिले आएर त्यो १२७ मा किनेको वस्तु फेरि त्यसैको प्याकेटमा अर्को प्याकेटमा लेखिएर आएछ १ महिना पछाडी किन्न जाँदा खेरी २८० रुपैंया मुल्य मैले त्यसमा लेखेर आएको रहेछ । मैले किन्न बाध्य भए भनेर उपसचिवले भन्नु हुन्छ। त्यो के कारणले १ महिना बीचमा मुल्यबृद्धि के कारणले भैराखेको छ। के उत्पादन घटेको कारणले, के जनता ठग्नका निम्ति अथवा के कारणले भैराखेको छ अनि यसको मापदण्ड बनाउन पर्दैन? आज प्रत्येक वर्ष दशै, तिहार आएपछि प्याजको मुल्य यति धेरै बढ्छ त्यो २००% भन्दा बढि बढ्छ। अनि त्यसको नियन्त्रण कसले गर्छ, कुन ठाउँमा गरिन्छ। अनि ग्याँस एलपि ग्याँस कुन बेला शंकट पर्छ त्यति बेला कुन नाकामा बन्ध हुन्छ, त्यो मौका व्यापारीले हेर्छन् सरकारले त्यो मौका हेर्न पर्दैन। अनि कति बेला जनताले सबभन्दा धेरै उपभोग गर्न पुग्छन् जस्तो जाडो महिनामा त्यसको उपभोग बढि होला, त्यो जाडो महिनामा उपभोग हुँदा खेरी फेरि ती व्यापारीहरु

कति बाठा भने उनीहरुले पनि सरकारलाई वास्तै नगरिकन उनिहरुले त्यही बेलामा शंकट बनाइदिन्छन्। फेरि त्यही बेलामा लुकाइ दिन्छन् अथवा त्यसलाई अर्को कालोबजारी गर्न पुग्छन्। अनि महङ्गीले निम्त्याएको कालो बजारी त्यसलाई कसले नियन्त्रण गर्ने। सरकारले आज यसो हेर्दा खेरी मैले देख्छु । प्रचारका निमित्त अनुगमन गर्न जाने, प्रचारका निमित्त एउटा पसलमा उभिने र त्यसको फोटो खिच्ने भन्दा अरु भएको के छ? त्यसैले आखिर जनता पिर मर्कामा परिराखेका छन् । त्यो मर्का कसले बुझ्ने? आज हामीले खरिद मुल्य र बिक्री मुल्यको अन्तरलाई हामीले कम भन्दा कम गर्नका निमित्त जनतालाई बढि भन्दा बढि त्यो वस्तु सेवामा दिनका निमित्त हामीले किन प्रयत्न गर्दैनौ ? आज सरकार गम्भीर बनिराखेको छैन । मैले यसो अनुभूत गर्छु, यति धेरै महङ्गी बढिराखेको छ, त्यो महङ्गी बेगरको विषयवस्तुलाई नत नाप तौल विभागले त्यसलाई नियन्त्रण गर्न सकेको छ । नत त्यसले उपभोक्ता मञ्च उपभोक्ता निर्देशनायले उपयुक्त रुपमा कारबाही गर्न सकेको छ। नत त्यसले सरकारले सम्बन्धित मन्त्रालयले त्यसलाई उचित प्रकारको एउटा व्यवस्थापन गर्न सकेको छ। त्यो ब्यवस्थापन गर्न नसक्दा खेरी आज जनता प्रत्यक्ष मारमा छन् । आज हामीले उत्पादन गर्छौं, उत्पादन गरेको वस्तु बजारमा जान्छ र बीचको बिचौलियाले त्यसको सबभन्दा धेरै ठुलो नाफा लिएर मुलुकमा अर्को कालो बजारी गरिराखेको छ । त्यसको नियन्त्रण गर्ने पहल कदमी कहाँ नेर कुन निकायले गरिराखेको छ ? अहिले सम्म त्यसको सुइँको सम्म पाउन सकिदैन । आज हामी सूचनाको हक सम्म नपाउने स्थितिमा जनता पुगिराखेका छन् । आज प्रत्येक सामानमा त्यसको एम आर पि लेख्ने कुरा सरकारले कति पैसा कुन कस्ले त्यसको कमिसन लिएर गरिराखेको छ, भन्ने कुरा ख्याल गरेका छौं? आज बिद्युतको हिजोको कुलमान घिसिङ हुँदा सम्म बिद्युतको लोडसेडिङ नहुने अनि अहिले रातारात फेरि लोडसेडिङ काठमाडौंबाट सुरु भैसक्यो। पोखरामा पनि हिजो मात्रै १ घण्टा लोडसेडिङ भयो। यो के कारणले अघोषित कारणले के कारणले लोडसेडिङ भयो? अनि त्यसको मुल्य बढ्दै जनताले उपभोग नगरेको

वस्तुको मुल्य  हामीले  तिर्नु पर्ने? राज्यले कहाँ नेर नियम बनाएको छ? यो सबै विषयवस्तु राखी हाम्रो उपभोग्य वस्तुहरुको सबै विषयवस्तुहरु लागु हुन्छ, मैले यहाँहरुसँग बिनम्रताका साथ आग्रह गर्न चाहान्छु । सरकार छ  कि छैन? सरकार छ भने कहाँ छ? हामीले आकाश तिर फर्केर हेर्नुपर्यो कि धर्ति तिर फर्किन पर्यो? हामी कुन ठाउँमा फर्किन पर्यो ? आज सरकार छैन भने हामीले जनताले अर्को नयाँ विकल्प खोज्नु पर्यो । मैले यहाँहरुसँग यो बिनम्रताका साथ राख्न चाहान्छु । अनि अर्को कुरा हामीले यो पनि बुझिराखेका छौं कि अहिले हामी संघीय लोकतान्त्रिक गणतन्त्र स्थापना गरेका छौं ।  संघीय लोकतन्त्र गणतन्त्रमा हामीले संविधानमा धेरै कुरा लेख्न बाँकि छ।  संविधानमा धेरै विषय वस्तुहरु लेख्न बाँकि छ। जनताका मौलिक हकहरुलाई अझै पनि सुनिष्चित हुने गरेर लेख्न बाँकि छ ।  त्यो सबै लेख्ने कुराहरुलाई आज हामीले अधुरो बनाएको कारणलेले गर्दा खेरी यो मुलुकले यो दुर्गती ब्यहोर्न परेको परिस्थिति छ।  अनि त्यसैमा टेकेर कालोबजारीहरु कति बेला सरकार अस्थिर हुन्छ, कतिबेला सरकार धरमराउँछ अनि कति बेला कुन मन्त्रीले त्यो मन्त्रालय छोडेर अर्को मान्छे आउँछ, त्यसको फाइदा कति बेला लुट्न सकिन्छ भनेर कालोबजारीहरु मौका पर्खेर बसेको स्थितिमा सरकारले त्यसको सही रुपमा न्याय र कानून बिषयलाई टेकेर किन व्यवस्थापन ठिक ढङ्गले सक्दैन? आज हाम्रो सार्वजनिक चासोको विषयवस्तु यो हो । हामी होला तथ्य र प्रमाणका हिसाबले कहाँ नेर कति वेला मैले अघि भने उपसचिवको नाम दिनु पर्छ भने म नाम दिन तयार छु। उहाहँरुले त्यो ढङ्गले आफैले अनुभूत गर्नु भछ भने  त्यही चिजलाई ब्यवस्थापन गर्न किन उहाँ सक्नुहुन्न? मैले एउटा इक्ज्याम्पल त्यसैले मैले तपाईं विनम्रताका साथ आज माननीय ज्यूहरु हामी जनप्रतिनिधि हौं, हामीले हाम्रो कर्तब्य हामीले जनताले दिएको कर्तब्य हामी जनताको सेवक हो, मालिक होइन, हामी जनताको सेवक हुनुको नाताले हामीले त्यो कुरा गरेर देखाउन सक्नुपर्छ । मैले यहाँहरु समक्ष यो विनम्रता साथ राख्दै

आफ्नो भनाई टुङ्ग्याउँन चहान्छु, धन्यवाद । जो मैले यहाँ बीचमा आजको सार्वजनिक प्रस्तावको विषयमा यति राख्दै बिदा हुन चाहान्छु।

## माननीय सभामुख नेत्रनाथ अधिकारी

माननीय सदस्यहरु अब जरुरी सार्वजनिक महत्वको प्रास्ताव माथिको छलफल प्रारम्भ हुन्छ । निर्धारित समयभित्र माननीय सदस्यहरुले आ-आफ्नो भनाइ राख्नुहुन अनुरोध गर्दछु । सर्वप्रथम म जरुरी सार्वजनिक महत्वको प्रास्तावलाई समर्थन गर्ने माननीय सदस्य श्री धनमाया लामा पोखरेललाई बोल्न समय दिन्छु । समय ५ मिनेट ।

## माननीय धनमाया लामा पोखरेल

माननीय सभामुख महोदय, जरुरी सार्वजनिक महत्वको विषय महङ्गी अर्थात मूल्यबृद्धिको विषय जुन आज प्रस्ताव गर्नुहुने माननीय हरिशरणज्यूको प्रस्तवलाई समर्थन गर्दै मेरो यस विषय माथि छलफल गर्ने अनुमति चाहान्छु । माननीय सभामुख महोदय, कोरोना भाइरसको महामारी सुरु भए प्रश्चात दैनिक उपभोग्य सामाग्रीमा लगायत अन्य अधिकांश क्षेत्रमा महङ्गी अत्याधिक बृद्धि भएको छ । र मूल्य बृद्धि नियन्त्रण बाहिर गैसकेको अवस्था छ । बजार मूल्यमा १२५% ले अस्वभाविक रुपमा बृद्धि भएको छ । जुन विश्वब्यापी रुपमा फैलिएको कोरोना महामारीको चपेटामा परेको आम जनसमुदायहरुले जुन रोजगारी गुमाएको अवस्थामा यो परिस्थितिमा अत्याधिक मात्रामा जुन महङ्गी बढेर जनजीवनमा प्रभावित भएको छ । यो विषयलाई हामीले विशेष अधिवेशनमा जरुरी सार्वजनिक महत्वको रुपमा छलफल गर्नलाई हामीले यो विशेष अधिवेशनमा यसलाई महत्व दिएका छौं । माननीय सभामुख महोदय, हामीले बजार अनुगमन गर्न नसक्दा र हामी तिन तहको सरकारसँग अहिले देश संघीयता गैसकेपछि संघ, प्रदेश र स्थानीय तह हिजो हामीले चुनाव के भन्यौं, सिंहदरवारको सुविधा घरघरमा भनेर हामीले चुनाव जितेर दुईतिहाईको सरकार भनेर हामी यो ठाउँमा आइपुगेको

अवस्थामा हामीले जुन महमारीको बीचबाट तड्पिएको जनतालाई रहात दिनको साटो आहात दिइरहेको जुन अवस्था छ । यसमा हाम्रो गण्डकि प्रदेशको सरकारको केही ध्यान आकर्षण होस् र आगामी दिनमा जुन जनतालाई उन्मुक्ति दिनको निमित्त केही गृहकार्य गर्न सहयोग होस् भन्ने हिसाबले जुन हामीले छलफललाई आगाडि बढाइरहेका छौं । उदाहरणको निमित्त म केही तत्थ्याङ्क यहाँ राख्न चाहान्छु । माननीय सभामुख महोदय, हामीले दैनिक उपभोग्य वस्तुहरु जुन मुल्य बृद्धिको कुरा गरिरहँदा गहुँको आटा २०७५ /७६ मा प्रति के.जी ८३ रुपैंया थियो भने अहिले ७६/७७ मा ६९ रुपैंया ७१ पैसा । यसको डिफ्रेन्स भनेको ५.८३ % हुन आउँछ । र यसको % मा हेर्ने हो भने १०.८% ले बृद्धि भएको अवस्था छ । जस्तै गोलभेडामा हेर्ने हो भने ७५/७६ मा १ के.जी बराबर ५९ रुपैंया ३५ पैसा थियो भने ७६/७७ मा ८३ रुपैंया ९१ पैसा जुन यसको डिफ्रेन्स हेर्ने हो भने १४.५६ % आउँछ । यसको प्रसेन्टेजलाई हेर्ने हो भने २४.५ रहेको तत्थ्याङ्कले बताउँछ । सुकेको प्याजको मुल्य ७५/७६ मा १ के.जीको ४९ रुपैंया थियो भने ७६/७७ मा ११० रुपैंया ३ पैसा रहेको छ र यसको डिफ्रेन्स हेर्ने हो भने ६१ रुपैया २७ पैसा रहेको छ । यो अत्याधिक प्रसेन्टेजको बृद्धि १२५ रुपैंया रहेको छ । खसीको मासुलाई हेर्ने हो भने १ के.जीलाई ७५/७६ मा ७८३.७१ रुपैंया थियो । ७६/७७ मा ८८६.८८ रुपैंया हुन गएको छ । यसको डिफ्रेन्स हेर्ने हो भने १०३ रुपैंया १७ पैसा रहेको छ र यसको बृद्धिको प्रसेन्टेज हेर्ने हो भने १७.९% रहेकोछ । आँप १ के.जीको ७५/७६ मा १३२ थियो भने अहिले यसको बृद्धि भएर १५२ रुपैंया ५१ पैसा भएको छ । यसको डिफ्रेन्स हेर्ने हो भने २० रुपैंया ५१ पैसा रहेको छ र यसको प्रसेन्टेज हेर्ने हो भने १५.५% रहेको छ। यो मैले यहाँ मैले पेस गरेको यो प्रतिनिधिमुलक हो र यस पेपर हाम्रो गण्डकि प्रदेश सरकारले जुन अहिलेको मुल्य बृद्धिको प्रसेन्टेज छ यसलाई अनुगमन गर्नका निमित्त यो पेपरको आवश्यकता पर्छ भने म आज नै दिन तयार छु । हैन भने जनतालाई यो मारमा परिरहेको अवस्थामा

गण्डकि प्रदेश सरकार किन कानमा तेल हालेर बसिरहेको छ ? आज यो छलफलले त्यतातिर ध्यान जाओस् भन्ने म विषयवस्तु राख्न चाहान्छु। हाम्रो गण्डकि प्रदेश सरकारले बजेट ल्याउँदा नै हाम्रो गण्डकि प्रदेश सरकारले बजेट ल्याउँदा नै के भनेको थियो भने हाम्रो गण्डकि प्रदेश भित्र रहेको विपन्न वर्गलाई बजेटमा घोषित सुपथ मुल्य कार्डद्वारा हामीले सुपथ मुल्य पसलको थालनी गर्नेछौं भनेर बजेटमा घोषणा गरेको थियो । यो त्यो योजना कहाँसम्म पुग्यो म माननीय मुख्यमन्त्रीज्यूलाई यसको जवाफ माग्न चाहान्छु र मुल्यबृद्धि र कालो बजारी नियन्त्रण

**(माननीय सभामुख : माननीय सदस्य समय सिद्धियो)**

भन्दा बाहिर गैसकेको अवस्थामा हामीले कृतिम महङ्गीका बिरुद्धमा कडा कानून बनाउनका निमित्त यो प्रदेश सभालाई आजको छलफलले एउटा मार्गनिर्देशन गर्छ भन्ने मैले आशा एवम अपेक्षा राख्दै मेरो भनाईहरु यही अन्त्य गर्दछु, हस्त धन्यवाद।

## माननीय सभामुख नेत्रनाथ अधिकारी

अब म जरुरी सार्वजनिक महत्वको प्रस्तावलाई समर्थन गर्ने माननीय सदस्य श्री ओमकला गौतमलाई बोल्न समय दिन्छु । (समय ८ मिनेट) ।

## माननीय ओमकला गौतम

माननीय सभामुख महोदय, महङ्गी नियन्त्रण र बजार अनुगमन सम्बन्धमा मान्नीय हरिशरणले प्रस्ताव गर्नु भएको जरुरी सार्वजनिक महत्वको प्रस्तावको समर्थन गर्न म यहाँ उपस्थित छु। सभामुख महोदय, सर्वप्रथम राष्ट्रिय एकता दिवसको पावन उपलक्षमा देशलाई एकिकरण गरेर नेपाल राष्ट्रको स्थापना गर्ने, हामीलाई म नेपाली हुँ भनेर पहिचान र गौरव आत्मसात सम्मान प्रदान गर्नुहुने राष्ट्रपिता पृथ्वीनारायण शाह र सम्पूर्ण सहिदहरु प्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्न चाहान्छु । माननीय सभामुखज्यू

जनताको पिडा, मर्का, समयस्याको बारेमा छलफल गर्ने, सरकारले गरेका राम्रो कार्यका समर्थन र सहयोग गर्नुपर्ने कार्यको लागि  सरकारलाई सुझाव, दवाब निर्देशन दिने हिसाबले छलफल गर्न जरुरी सार्वजनिक महत्वको विषयको ब्यवस्था गरिएको हो । तथापि गएको २ दिनको छलफल सुन्दा परम्परागत रुपमा बजेट सबै राम्रा छन् । समयमै खर्च गरेका छौं । धेरै नै खर्च गरेका छौं । बेरोजगारी कम गरेका छौं । रोजगार प्रायस सृजना गरेका छौं । कोही भोका छैनन् । कोही नाङ्गा छैनन् । रामराज्य स्थापना गरेका छौंको अभिब्यक्तिको यथार्थसँग मेल खान्छ । आत्मसाक्षी राखी भनौ समस्या छैनन् त? भएको सबै समाधान गर्यौं त काल्पनिक असत्य भ्रमपूर्ण कुरा गरेर यो विशेष अधिवेशनको जरुरी महत्वको छलफलको महत्वलाई न्यूनिकरण गर्ने उपहास गर्ने प्रबृत्ति गलत छ । आज हामी महङ्गीको विषयमा छलफल गरिरहेका छौं । महङ्गीले जनताको जीवन कष्टकर बनेको छ ।  पक्कै पनि आज फेरि सरकार र केही माननीयहरु महङ्गी छैन, कालोबजारी त झन छँदैछैन। जनता सुखी छन्, खुशी छन् । समृद्ध भएका छन् । भन्नु नै हुनेछ। माननीय सभामुखज्यू, कोभिड-१९ को दुश्प्रवहाका कारण मानव जीवन घरको चारदिवारीभित्र माक्स सेनिटाइजर सहित बन्दि बनेर जीवन बिताउन बाध्य बनेको सन्दर्भमा यसका नकारात्मक असरहरु जीवनको सर्वाङ्गिण आयहरुमा परिरहेको छ । एकातर्फ जीवनको गति सुस्त बनेको छ । कोरोना लाग्छ कि भनेर मनोबैज्ञानिक त्रासले पलपललाई भयाभूत बनाएको छ भने अर्को तर्फ देशको समग्र क्षेत्र प्रभावित भएर बेरोजगारी चिन्ताजनक रुपमा बढेको छ। आम्दानीको श्रोतमा आयको सङ्कुचनले जनताको क्रय शक्तिमा ह्रास आएर घरको चुलो चिसो हुँदै गएको छ । यसबेला जमाखोरी कालोबजारीको कारण मूल्य बृद्धि आकासिएको छ । यथार्थलाई स्वीकारौं तव मात्र समाधानको सकारात्मक छलफल हुन सक्छ । संसदले जनताको पिडाको अनुभूति गर्न सकेन भने जन प्रतिनिधि हुनुको अर्थ के? औचित्य के? कोभिडको असरको प्रारम्भिक महिनामा माक्स, सेनिटाइजर, ग्लोप्स, पिपिइ र आर.डि.टि लगायतको स्वास्थ्य सामाग्री खरिद गर्दा सरकारका

जिम्मेवार मन्त्रीहरुले ओम्नीसँग मिलेर कालोबजारी भ्रष्टाचार गरेर संघीय सार्वजनिक लेखा समितिमा अपराधिको रुपमा कठघरमा उभिएको देख्दा कात्रोमा समेत भ्रष्ट्राचार गर्ने प्रवृति भएका मानिसबाट देश संचालन भएको छ । न्यायको सम्भावना र आशा मृगतृष्णा बाहेक अरु के बन्न सक्छ र? माननीय सभामुख महोदय, पिसिआर परिक्षण शुल्क बारे प्रदेश सभाको बहस स्मरण गरौं हामीले । एकपटक हामीले स्मरण गरौ त । हामीले पिसिआर परिक्षण शुल्क बापत लिएको १५०००।- रुपैंया गलत छ। यसमा सरकारी भ्रष्टचार भएको अंश ठुलो छ । यसको वास्तविक मुल्य धेरै कम छ भन्यौ। सत्ताले यसलाई अस्वीकार गर्यो । आज निजी क्षेत्रले नाफा कमाएर पनि २ हजार रुपैंया परिक्षण गरेको देख्दा १३ हजार रुपैंया प्रति परिक्षणमा भएको भ्रष्टाचारको नैतिक जिम्मेवारी  प्रदेश सरकारले लिने कि नलिने त्यसको अभिब्यक्ति दिने यहाँ रोष्टममा आएर माननीय सदस्यहरुले दिनी कि नदिनी? लकडाउनको समयमा बजारको प्रभाविकरण अनुगमन नहुँदा विशेष गरी खाद्यन्न तथा स्वास्थ्य सामाग्रीको मुल्य कहाली लाग्दो रुपमा स्वभाविक रुपमा बढ्यो । बजार मूल्यमा १२५% सम्म मुल्यबृद्धि देखिन्छ । दशैं अघि १५० रुपैंया पर्ने भटमासको तेल अहिले आएर रु २००।- पर्छ । २ महिनामा ३३% मुल्य बढेको छ भने माघ महिनामा रु २७० बनाउने घोषणा व्यापारीले गरिसकेका छन् । यसको अर्थ यो बृद्धिदर ७३.३ बढ्दै छ। १ सातामा केराउको मुल्य ११५ बाट १२५ भएको छ । २८० रु पर्ने  १ क्यारेट अण्डाको मुल्य रु ४५० सम्म पुगेको छ । खाद्य सामाग्रीको बढ्दो मुल्यको केही प्रतिनिधि उदाहरण मात्र हो यो । सभामुख महोदय, एक टिप्पर गिटीको मुल्य २२ हजार पर्ने गिटी अहिले आएर बजारमा ३० हजार पुगेको छ । १ बोराको सिमेन्टको मुल्य ६५० पर्ने सिमेन्ट अहिले ७०० पुगेको छ । ५७ रुपैंयामा किलो पर्ने फलामको डण्डीको मुल्य ५८% ले बढेर रु ९० रुपैंया प्रतिकिलो सम्म पुगेको छ । बजारमा अराजगता छाएको छ । जनता निरिह छ । बाध्य छन् यो अमानवीय यातनाबाट प्रताडित छन् । सरकार विहिनताको स्थिति छ । राज्यको नियन्त्रणबाट बजार मुक्त

छ । कालो बजारिएको दयमा नागरिकलाई बेवस छोडेर प्रदेश सरकारका मन्त्रीहरु बढाध्यक्षले अस्वीकार गरेको प्रमुख अथितिको प्रस्तावलाई स्वीकार्दै आमासमूह, टोलसुधार समिति, कपाल काट्ने पसल, चनाचट्पटेको दोकान उद्घाटन गर्न पकेट मै कैंची लिएर हिंडिरहनु भएको छ । पर्यटन मन्त्रीज्यूको संयोजकत्वमा गठित प्रदेश स्तरिय अनुगमन समितिले बजारको प्रभावकारी अनुगमन गर्न परै जाओस्। समितिमा रहेको अनुगभूति समेत जनताले पाउन सकेनन् । सरकारले विपन्न नागरिकको लागि सुपथ मुल्य कार्ड वितरणको कार्यक्रम ल्याएको थियो । यदि यसको प्रभावकारिता कार्यन्वयन गरेको भए हुँदा खाने वर्गले सहुलियतदरमा खाद्यान्न पाउने थिए होला । माननीय सभामुख महोदय, घरको चुल्हो बल्ने, पेटको आगो निभ्यो । ६ महिनासम्म पनि सरकारले यस बारे के गरिरहेको छ? जानकारी समेत उपलब्ध छैन । माननीय सभामुखज्यू, बजारको निर्मम अनुगमन गरेर मुल्य बृद्धि कालोबजारीलाई नियन्त्रण गर्ने, सुपथ मुल्य बोलेर वा खोल्न अभिप्रेरित गरेर जनतालाई महङ्गीको मारबाट बचाउन तत्काल पहल कदमी अगाडि बढाउन आवश्यक छ । यी कार्य गर्न ऐन र कानूनको अभाव छ । वा प्राभावकारी बनाउन आवश्यक भए कानून निर्माण गर्ने तर्फ पनि सोच्न जरुरी छ । यो रचनात्मक छलफल गरौं । सार्थक छलफल गरौं र परिस्थितिको इमानदारीताको अवलम्वन गरौं । त्यसको आलोकमा एउटा सहमतीमा पुग्न जरुरी छ। माननीय सभामुख महोदय, मैले चाहादैनथे विषय र परिस्थिति यो एउटा महत्वको विषयमा मात्रै नभै हुन होला राष्ट्रिय महत्वको विषयमा पनि हिजो र अस्ति प्रवेश भाकोले म आफु पनि केही यसमा राख्ने अनुमति चाहान्छु । मैले आफ्नो केही समय राष्ट्रिय राजनीति तर्फ केन्द्रीत गर्ने अनुमति माग्दछु । ५ वर्षलाई जनताले दिएको जनादेशको अपमान गरी एकाएक आफ्नो आन्तरिक कलझगडाको कारणले मेरो घरको छोराले अंश माग्यो, घरको कोठा माग्यो भनेर घरै भत्काए झै आफ्नो पार्टीको आन्तरिक द्वन्द व्यवस्थापन गर्न नसकी एक एक संसद बिघठन गरिनु अनोकतन्त्रीक, असंवैधानिक कदम चालिनु दुर्भाग्य हो । जनताले ५ वर्षलाई ढुक्कसँग

सरकार चलाउ भनी दिएको जनादेशको घोर अपमान भएको छ । यो खेदजनक छ। यो कुरा स्वयम सम्माननीय माननीय कालोकोट लगाउने र नेपालको संविधान २०७२ ले समेत भनेको छ । २०४७ कै संविधानको कुरा गर्ने हो भने २/२ पटक संविधान सभाको निर्वाचन गराई ६०१ निर्वाचित सांसदद्वारा नेपालको संविधान २०७२ किन आवश्यक थियो । किन जारी गर्नुपर्थ्यो ? स्वयम संविधान सभाका माननीय सदस्यज्यूहरुको समेत यस गरिमामय सभामा उपस्थिति छ । ७२ को संविधानको ब्याख्या मैले यस गरिमामय सभामा गरिरहनु पर्दैन । जो ७२ को संविधानमा हस्ताक्षर गर्ने हस्ताक्षर कर्ता नै स्वयम यहाँ हुनुहुन्छ । पक्कै पनि उहाँहरुले सबै सोचेर विचार गरेर हस्ताक्षर गर्नु भयो होला । सभामुख महोदय, नेपाली काङ्ग्रेस पार्टी अहिले पनि विधिको शासन लोकतन्त्र निर्वाचनलाई स्वीकार गरेको छ । स्वागत गरेको छ । गराएको पनि छ । निर्वाचन लोकतन्त्रको सुन्दर पक्ष हो । त्यो त्यसलाई स्वीकार गर्नुपर्छ तर बेलैमा महिनै नपुगि गर्भमा नै भ्रुण हत्या गरे झै संविधान विपरित असंवैधानिक कदम चालिनु मुलुक कै निम्ति दुर्भाग्य हो । सम्मानित सर्वोच्च अदालतबाट संविधानको रक्षा हुने कुरामा म र मेरो पार्टी विस्वस्त छ । म पनि विस्वश्त र मेरो पार्टी नेपाली काङ्ग्रेस पनि विश्वस्त छ र नेपाली काङ्ग्रेसले यो अलोकतान्त्रीक र असंवैधानिक भनेर विज्ञप्ति निकालिसकेको छ र अदालतमा बहसको विषयमा रहेको सर्वोच्च अदालतबाट संविधानको रक्षा हुन्छ भन्ने कुरा सम्माननिय अदालतबाट त्यो रक्षाको निम्ति हामी आशावादी छौं र सम्मानित सर्वोच्चो अदालतले

**( माननीय सभामुखज्यू : माननीय सदस्य समय सिद्धियो )**

यो सुनुवाई समेत सुरु भएको विषयमा स्वयम मन्त्रीज्यू बाट समेत कुरा उठेको कारणले हाम्रो दल र म स्वयम पनि यो विषयमा कुरा उठाउन चहादैन थेम, आज नभनी राख्दा के भने नबोले लाटो भन्ने बोले देखि के भन्ने भनी एउटा नेपाली उखान

थियो । त्यसैले मैले आफ्नो  कुरा राख्ने अनुमति दिएकोमा सभामुखज्यूलाई धन्यवाद दिँदै मेरो भनाई अन्त्य गर्ने अनुमति चाहान्छु, धन्यवाद, जय नेपाल ।

## माननीय सभामुख नेत्रनाथ अधिकारी

माननीय सदस्य श्री कृष्ण बहादुर थापा, समय ९ मिनेट ।

## माननीय कृष्ण बहादुर थापा

माननीय सभामुख महोदय, आज यो सम्मानित सभामा माननीय हरिशरण आचार्यले दर्ता गर्नु भएको जरुरी सार्वजनिक महत्वको विषयमा त्यो प्रस्तावमा हामी छलफल गरिरहेका छौं र हामीले यो प्रस्तावमा छलफल गरिरहँदा केही राष्ट्रिय अन्तरराष्ट्रिय विषयहरु पनि उठेका छन् र यो विशेष अधिवेशनमा हामीले  यो मौका पाएका छौं र सर्वप्रथम म आफ्ना केही विचारहरु जो राष्ट्रिय राजनीतिमा उठेका छन् । त्यो राख्न चाहान्छु  र त्यस पछाडी म यो विषयमा आफ्ना भनाईहरु राख्ने सम्मानित सभामुखज्यूलाई जानकारी गराउन चाहान्छु । सभामुख महोदय, सर्वप्रथम त हामी यो विशेष अधिवेशन अगाडि विशेष गरेर सत्तासँग आवद्धता राख्नुहुने माननीयज्यूहरुले यही सदनमा यो सरकारको बारेमा यही सरकारले गरेका कामको बारेमा के के बिचार राख्नु भएको थियो, केके बोल्नु भएको थियो? हामले यो सदनमा अब रेकर्डेड छ । त्यस तर्फ म थोरै भए पनि स्मरण गराउन चाहान्छु र अहिले हामीले हाम्रो देशमा देखिरहेका धेरै परिदृष्यहरु छन्। यो वास्तवमा  हामीले ल्याएको यो गणतन्त्र, यो लोकतन्त्र यो संघीयता र यो समावेशिता हामी सबै यो सदनमा उपस्थित भएका सम्पूर्ण दलहरु, माननीय सभासदज्यूहरु, विभिन्न नेता कार्यकर्ताहरु हामी सबैको सामुहिक प्रयत्नले यो संविधान हामीले स्थापित गरेका हौं र अहिलेको बर्तमान उपलब्धिको त्यसको हिस्सेदार, त्यसप्रतिको जवाफदेहिता हामी सबैमा छ । यो विषयमा पनि हामीले हेक्का राख्नु पर्छ जस्तो मलाई लाग्छ र सबै भन्दा दुखद पक्ष हामीले हाम्रो देशको संस्कार संस्कृति ,

हामो मुल्य, हाम्रो मान्यता, हाम्रो इतिहासले हामीलाई सिकाइरहेको हाम्रो मातृभूमि सबैले सम्पूर्ण नेपालीले सम्मान गर्ने एउटा शब्द छ । त्यो भनेको आमा । मातृभूमि र आमा प्रकृतिको अर्गेलाई हेला हुन्छु र अपमान कुनै पनि नेपालीजनहरुका लागि त्यो स्वीकार्य हुँदैन र आज हामीले त्यो दृश्य देखेका छौं । पटक पटक प्रधानमन्त्री हुनुभएका देशका सम्मानित नेताहरु पुष्पकमल दाहाल, माधव कुमार नेपाल उहाँको नेतृत्वमा, उहाँको निर्देशनमा, उहाँको अगुवाईमा सडकमा नारा लगाउने र यो देशको सम्मानित राष्ट्रपतिको विरुद्धमा एउटा आमाको विरुद्धमा अस्लिन, छाडा, त्यतिमात्रै होइन, असभ्य, असोभनीय कुनै पनि नेपालीले यो कानले सुन्न सक्दैन । त्यस्ता नाराहरु लगाउने । तसर्थ म यो सम्मानित सभा मार्फत, सभामुख मार्फत त्यसको नेतृत्व गर्ने नेताहरु र ती नारा लगाउने अपराधीहरुलाई कानूनको कठघरामा उभ्याइयोस् र नेपालको सम्मान गरियोस्, आमाको सम्मान गरियोस् भन्ने माग गर्न चाहान्छु । जहाँ सम्म दोश्रो विषय छ । संविधान मिचियो, तानाशाही भयो आदि इत्यादि। म यहाँ भन्न चाहान्छु । यो सम्मानित सभामा यदि साच्चै यहाँ तानाशाही भएको भए, यदि साच्चै यहाँ प्रतिगमन भएको भए यो सदन चल्ने थिएन। यो सदनका सम्मानित सभासदहरु यहाँ आएर जोडतोडले भाषण गर्ने यो सौभाग्य मौका पाउनु हुने थिएन । कित जानु पर्थ्यो प्रहरी खोरमा, कित जानु पर्थ्यो झ्यालखानको खोर तिर । यो कुनै तानाशाही गर्न होइन। कुनै प्रतिगमन होइन । राष्ट्रिय सभा चलेकै छ । प्रदेश सभा चलेकै छ। सम्पूर्न स्थानीय तहले आफ्नो साशन गरेकै छ । काम गरेकै छ । बरु तपाईं हामी सबैले २ ओटा नाङ्गा आखाले देखेको दृश्य के हो? हामीले सत्य निष्ठापूर्वक काम गर्छौं भनेर यो सदनमा सफत खाएका हौं । तसर्थ हाम्रा आफ्ना बिचारहरु पनि सत्य निष्ठा पूर्वक राख्नु पर्ने हाम्रो आफ्नो कर्तब्य छ । सभामुख महोदय, तपाई हामीले देखेको दृश्य के हो? सम्मानित नेताहरु कहिले भैसेपाटीको बैठकको षडयन्त्रहरु, कहिले खुमलटारको बैठकको षडयन्त्र, कहिले कोटेश्वरको षडयन्त्र । आफ्नो सम्मानित पार्टी अध्यक्षको विरुद्ध प्रधानमन्त्रीको विरुद्ध कोठामा गरेका षडयन्त्र, जो

देशको लागि घातक थियो । लोकतन्त्रको लागि घातक थियो । गणतन्त्रको लागि त्यो अभिसाप थियो । तसर्थ त्यसलाई प्रतिपाद गर्नु पर्ने, त्यो चक्रबिउलाई समाप्त गर्नुपर्ने देशको आवश्यकता थियो । यो देशमा एउटा त्यस्तो सपुत जन्मियो, बर्तमान सम्माननिय प्रधानमन्त्री के.पि शर्मा ओली पार्टीको सम्मानित अध्यक्ष जसले त्यो चक्रबिउलाई समाप्त गरेर आज लोकतन्त्रमा जाने ठाउँ कहाँ हो? जनताको घरमा हो। जनताको आगनमा हो । जनताको बीचमा हो । त्यो बाटो आज खोलिदिनु भएको छ । तसर्थ म यो माछापुछ्रेको आँगनबाट, यो सम्मानित सभाबाट उहाँलाई धेरै धेरै धन्यवाद ब्यक्त गर्न चाहान्छु । लाल सलाम ब्यक्त गर्न चाहान्छु । अबिवादन ब्यक्त गर्न चाहान्छु । स्यालुत ब्यक्त गर्न चाहान्छु । यो उचित कदम थियो । हामीले यहाँ धेरै लम्वे चौडे कुराहरु गरेर जरुरी छैन । यो संविधानले के भन्छ । हामी सबैले बनाएको संविधानले के भन्छ? संविधानको धारा ८५ को १ ले के भन्छ भने यस संविधान बमोजिम अगावै विगठन भएको बाहेक प्रतिनिधि सभाको कार्यकाल ५ वर्षको हुनेछ । प्रष्ट लेख्या छ त यहाँ विगठन बाहेक ५ वर्ष , जुन अधिकार प्रधानमन्त्री थियो । विगठन पछि सकियो। तसर्थ यो संविधान अनुसार कुरा गर्नु हुन हार्दिक अनुरोध र अपिल गर्न चाहान्छु र यो कदम संविधान प्रदत छ । देशको हितमा छ, जनताको हितमा छ। म त्यसको साथ र समर्थन गर्न चाहान्छु । सभामुख महोदय, अब अर्को विषय हाम्रो जल्दो बल्दो विषय छ । महङ्गी यो एकदम राम्रो विषय हो । तर यो सञ्जोग कस्तो परेको छ भने यो सदनमा यो विषय पनि ल्याउने अनि यो कान्तिपुर भन्ने पत्रिकाले पनि ठ्याक्क यहाँ यी हिजोको उसमा बडा लेख्या छ। यो सञ्जोग बडा राम्रो । यसलाई पनि राम्रो सञ्जोग नै भन्नु पर्छ । अब यो महङ्गी वास्तवमा के हो त? यो बारेमा म केही तथ्यहरु यहाँहरुको अगाडि राख्न चाहान्छु। सभामुख महोदय, कोभिड-१९ का कारण मुल्य बृद्धिको अवस्था कोभिड-१९ को महामारीका कारण सिर्जित बन्दाबन्दिमा लकडाउनका कारण समग्र विश्वको माग तथा आपूर्तिमा आएको उतार चडावले विश्वको अर्थब्यवस्थालाई नै तहशनहस बनाइदिएको अवस्था

छ । बन्दाबन्दिका कारण समग्र उत्पादन क्षेत्रमा कमजोर हुनु, बेरोजगार बढ्ने, सम्भावित जोखिम रहने र अनिश्चित कालमा अनावश्यक सामानको भन्डारण बढाउने मानवीय स्वभाव गर्दा मुद्रास्फिरतीको चापसँगै बजार भाउमा बढोत्तरी भएको देखिन्छ। ३, हाम्रो देशमा पनि बजारमुखी खुल्ला अर्थतन्त्र अवलम्बन गरेका कारण जुन हाम्रा लागि अत्यावश्यक अवस्था पनि हो र आवश्यक वस्तुमा हामी आत्मनिर्भर बन्न सकेका छैनौ । यसर्थमा विश्व सम्वन्धि

**( माननीय सभामुखज्यू : माननीय सदस्य समय सिद्धियो )**

असारमा हामी टाढा रहन नसक्ने वस्तुगत अवस्था रहेको छ । सभामुख महोदय, र विश्व स्वास्थ्य संगठनका अनुसार गतवर्ष भन्दा यसवर्ष कोरोना का कारण भएको बन्दाबन्दिले गर्दा सबैभन्दा बढि प्रभावित आर्थिक गतिविधिमा रोजगारी गुमाउने समस्या खाद्यन्न बस्तु मुल्य यी विविध कारणहरु छन् जसले गर्दा एक खालको यो महङ्गीको स्थिति छ र वास्तबमा हाम्रो सरकारले केही गरेन प्रदेश सरकारले धेरै पहल गरेको छ । प्रदेश सरकारको मिति २०७६।१२।१५

**( माननीय सभामुखज्यू : माननीय सदस्य समय सिद्धियो )**

मा बसेको मन्त्री स्तरिय बैठकले यसको अनुगमन गर्ने नियन्त्रण गर्ने सबै कामहरु प्रदेश सरकारले आफ्नो पहल गरेको छ । बरु अर्को कुरा के छ भने गण्डकी प्रदेशमा यो मुल्य बृद्धिको नियन्त्रण गर्ने काम प्रदेश सरकारको मात्रै होइन, जनताको पनि हो, नागरिक समाजको पनि हो । अझै विशेषत स्थानीय सरकारको जसले मुल्यबृद्धिका सूचीहरु सबै पसलमा टाँस्ने काम गर्छ यो प्रदेशमा स्थानीय सरकारको सबै भन्दा ठुलो दलको रुपमा कङ्ग्रेस पार्टीको तर्फबाट स्थानीय सरकारमा मान्छेहरु निर्वाचित छन् । तसर्थ स्थानीय सरकारको महत्वपूर्ण भूमिका हुन्छ। उहाँहरुलाई पनि घचघचाउने हामी सबैको आवश्यकता हुन्छ । र यो मुल्य बृद्धिमा प्रदेश सरकारले

जुन पहल गरेको छ, त्यो एक खालको राम्रो छ । अझै बाँकि पहल गर्नुपर्ने आवश्यक छ। यति विचार यो सम्मानित सभामा राख्दै बिदा हुन चाहान्छु, धन्यवाद, अभिवादन।

## माननीय सभामुख नेत्रानाथ अधिकारी

माननीय सदस्य श्री इन्द्रधारा डाटु विष्ट, समय ९ मिनेट ।

## माननीय इन्द्रधारा डाटु विष्ट

सभामुखज्यू, सर्वप्रथम त आउँदै गरेको माघी पर्व र सोनाम ल्होसारको उपलक्षमा सम्पूर्ण श्रमजीवि दाजुभाई तथा दिदी बहिनीहरुमा हार्दिक मंगलमय शुभकामना ब्यक्त गर्दछु। सभामुखज्यू, आज हामी ढिलै भए नी एक नयाँ खालको महत्वपूर्ण विषय जस्तै जरुरी सार्वजनिक महत्वको प्रस्ताव माथि छलफल गरिराखेका छौं र त्यसमा पनि महङ्गी नियन्त्रणको विषयलाई लिएर म अफ्नो दलको तर्फबाट यो सम्मानित सदनमा उपस्थित भएको छु । सभामुखज्यू, किन ढिलो भनेको भनेर खुल्दुली हुन सक्छ साथीहरुमा । महङ्गी नियन्त्रणको लागि प्रदेश सरकारले प्रदेश स्तरीय आपूर्ति १५ सदस्यिय समिति गठन भै महङ्गी नियन्त्रनको निम्ति बिभिन्न कामहरु गरिसकेको देख्छु। जस्तै २०० हाराहारीमा बजार अनुगमन, पानीको खुद्रा बिक्रीमा मुल्य कायम, फेवासिटी हस्पिटलको व्यवस्थापनसँग सहकार्य गरी इन्डोसकपिमा मुल्य घटाउने, ब्यावसायिकको सहमतिमा प्याजको मुल्य घटाउने, व्यावसायीकहरुको सहमतिमा कुखुरा मासुको मुल्य घटाउने, सहज प्याकेज तयार गरी रासन ब्यावसायीकहरु सँग सहकार्य गर्ने र कोभिड-१९ का कारण मेरो निर्वाचन क्षेत्र मुस्ताङ जिल्लाको जिल्लावासी पोखरा अड्किएको र बसोवास गर्ने झन्डै ६१२ जनालाई राहात वितरण गरियो र त्यस अर्थमा म मुस्ताङ जिल्लावासीको तर्फबाट सभामुखज्यू मार्फत धन्यवाद दिन चाहान्छु प्रदेश सरकारलाई। सभामुखज्यू, दुखका साथ भन्नु पर्छ । यो संघीय लोकतान्त्रीक गणतन्त्र नेपालको नयावालहरु तिन तहको सरकार त्यो माथि पनि हिजोका सरकार संचालन गर्नुहुनेहरुले

महङ्गी नामको बृक्षलाई यति मलजल गरेको रहेछ कि त्यो बृक्षलाई जरैबाट सुकाउनको बर्तमानका तिन तहको सरकारलाई हम्यहम्य भएको छ । र त्यो माथि पनि कोभिड-१९ सभामुखज्यू, त्यति हुँदा समेत महङ्गी नियन्त्रणलाई नियन्त्रणमा ल्याउन उद्देश्यका साथ संघ र प्रदेश सरकारले विभिन्न कार्यक्रमहरु अगाडि बढाएको छ । जस्तै स्थानLय उत्पादनलाई बढवा दिन र सहज ओसार पसार गरी मुल्य बृद्धिलाई  कम गराउन, कृषि पशुपालनमा मुख्यमन्त्री वातावरण मैत्री नमुना कृषि गाउँ, प्रधानमन्त्री कृषि आधुनिकिकरण परियोजना, जग्गा चक्लाबन्दी र अनुदान जस्ता एक स्थानीय तह एक उद्योग ग्राम, एक निर्वाचन क्षेत्र एक मोटर बाटो, स्थानीय केन्द्र जोड्ने रणनीति बाटो र द्रुत मार्गको कल्पना गर्यो सुरुङ मार्ग युग सुरुवात गर्नु, पाईप लाइन मार्फ्त तेल ल्याउनु, रेल ल्याउनु, इन्टरनेस्नल एयरपोर्टहरुको द्रुत गतिमा निर्माण हुनु र बिजुलीबाट खाना पकाउने अभियान सुरु गर्नु भू-जडित सम्झौताको सुरुवात गर्नु जस्ता विशेष परियोजनाहरुले महङ्गी नियन्त्रणको लागि ठुलो सहयोग पुग्छ भन्ने मैले विश्वास लिएको छु । कतै हाम्रो भूमिका त छुटेको हैन? सभामुखज्यू, अन्त्यमा हिजो अस्ति यही रोष्टम बाट धेरै बिद्वान माननीयज्यूहरुले नियम, कानून, इमान्दार र नियतको कुराहरु गर्नु भएको तर म अनुरोध गर्छु । अब देशमा संघीय लोकतन्त्र, गणतन्त्र नेपाल भैसकेको छ र लोकतन्त्रको कडि भनम या मुल ढोका भनेको जनताको मत हो । त्यसैले म अब झ्याल बाट होइन, ढोका बाट प्रवेश गर्नु नियमपूर्वक हो कानून संवत हो । इमान्दारिता हो  र सफा नियत हो । त्यसैले म सभामुखज्यू सबैमा यो अनुरोध गर्छु कि अब त्यो दिन गयो । संसद बिना प्राधानमन्त्री हुने, बत्ति निभाई निभाई संसद हुनी, अधिवेशन बिना पटक पटक अध्यक्ष हुने, कोठा भित्रै बसेर सत्ताको लेनदेन हुने र विभिन्न बहाना र कही कतै कसैको शरणमा गएर सत्ता टिकाउने जुन विगतको मानसिकता थियो, त्यो अन्त्य भएको छ । र त्यसैले यो रोष्टम बाट राजनेता सम्माननीय प्रधानमन्त्री के पि ओली ज्यूलाई  धन्यवाद दिन्छु । अब लोकतन्त्रको मुख्य न्यायलय

जनताको मत हो । त्यसकारण जनताको शरणमा जान आग्रह गर्दै बिदा हुन्छु, धन्यवाद ।

## माननीय सभामुख नेत्रनाथ अधिकारी

माननीय सदस्य श्री मन कुमारी गुरुङ, समय ५ मिनेट ।

## माननीय मन कुमारी गुरुङ

सभामुख महोदय, लोकतन्त्रमा सबै भन्दा महत्वपूर्ण स्थानको रुपमा सदनलाई हेरिन्छ। जनताको हक अधिकारसँग जोडिएका हरेक मुद्दाहरु सदनबाट उठान गर्नुपर्ने हुँदा वर्तमान परिवेश अनुसार जनताका अत्यावश्यक उठाउनै पर्ने मुद्दाहरु भएकोले गण्डकि प्रदेश नेपाली काङ्ग्रेस संसदीय दलले नेपालको संविधानको धारा १८३ को उपधारा (३) बमोजिम विशेष अधिवेशनको माग गरिएको हो । सर्वप्रथम त विशेष अधिवेशनको सफलताको शुभकामना व्यक्त गर्दछु । माननीय हरिशरण आचार्य द्वारा प्रवेशको प्रदेश सभा नियमावली ७२ बमोजिम जरुरी सार्वजनिक महत्वको प्रस्तावलाई पूर्ण समर्थन गर्दै आफ्नो केही भनाईहरु अगाडि बढाउन चाहान्छु । सभामुख महोदय, मुलुकमा कोभिड-१९को दुष्प्रभावका कारण उत्पन्न बिषम परिस्थिको फाईदा उठाउँदै जनतामा पर्न गएको जटिल परिस्थिति माथि झन जटिलता थप्दै गएको छ । कोभिड-१९ को असरले जनताको आम्दानीको श्रोत घट्दै गएको र दैनिक हातमुख जोड्न समस्या झन बिकराल बन्दै गएको अवस्थामा कालो बजारिकरणको धन्दा उत्तिकै मैलिदै गैरहेको छ । हामीले बर्खे अधिवेशनमै उठाएका थियौं जनताको लागि सुफत मुल्य पसल खोलेर बिपन्न वर्गलाई बजेटमा घोषित गरेर सुफत मुल्य कार्ड मार्फत सामना उपलब्ध गराउनु पर्छ भनेर तर यी सबै कुराहरुलाई एकातिर पन्छाएर जनताको मुद्दा उठाउँदा प्रतिपक्षले उठाएको कुरा गलत छ भन्ने नजरले हेरेर जनताको सबै मुद्दाहरुलाई लात्तिले कुल्चेर यो सरकार जनताको अधिकारको बिपरित ध्रुवतर्फ उन्मुख

भयो। त्यसैले आफुले चुनावमा राखेका ती बाचा बन्धनहरु र सबै बिर्सिए नीति तथा कार्यक्रममा उल्लेख भएका ती जनताका मुद्दाहरु सेतो कागजमा सिमित रहे । सरकार स्वप्रशंसामा रमाउने र आन्तरिक द्वन्दमा रुमलिदै गयो । बिर्सिएका ती सबै बाचा र बन्धनहरुलाई नेपाली काङ्ग्रेसले सम्झाउँदा राजनैतिक चस्मा लगाएर हेरियो। आज जनताको मुद्दाहरु अलपत्र परे। सभामुख महोदय, आज कालो बजारिकरणको प्रतिस्पर्धामा कालो बजार मौलाई रहँदा आज यो सरकार टुलुटुलु हेरिराखेको छ । कति सामानहरु गोदाममा भण्डारण गरी लुकाई राखेका अत्यावश्यक सामाग्रीहरु सिल गरेर राखिएको छ । यो सरकार कहिले कहाँ नेर गएर अनुगमन गरेको छ? कति जनालाई नियन्त्रणमा लिएको छ । खोई तथ्याङ्क, खोई अभिलेख । यदि सरकारले साच्चै काम गरेको भए आज जनतालाई कठिन हुने थिएन । आज जनता दिन प्रतिदिन बिहान बेलुका हात मुख जोड्न समस्या झन झन् बढ्दै गएको छ । वास्तबिक उत्पादन गर्नेको हातमा मुल्य पुगेको छैन । बिचौलियाहरुले आज जनजीवन कष्टकर बन्दै गएको छ । तर सरकार किन चुप छ? म प्रश्न गर्न चाहान्छु । सभामुख महोदय, दैनिक अत्यावश्यक उपभोग्य सामाग्री र निर्माण सामाग्री मुल्यमा आकाश छोएको छ। जसले गर्दा दैनिक हात मुख जोड्ने र विकास निर्माणमा समस्या परेको छ । जस्तै १५०प्रति लिटर सन फ्लावर तेल पाइन्थ्यो भने अहिले मुल्य बृद्धि भएर २०० पुगेको छ । चामलको भाउ, दालको उत्तिकै बढेको छ। ११५ मा पाईने केराउको मुल्य बढेर १२५/१३५ पुगेको छ । पसलै पिच्छे फरक छ । अण्डा २८० मा पाईने प्रति क्यारेट बृद्धि भै ४५० पुगेको छ । ब्रोइलर कुखुराको मासु प्रति के.जी ३२० बाट बृद्धि भै ३९० पुगेको छ । त्यस्तै निर्माण सामाग्रीमा गिटी प्रति टिप्पर २२,०००।- बाट बृद्धि भै ३०,०००।- पुगेको छ । रड प्रति के.जी ६२ बाट बृद्धि भै ९०/९५ पुगेको छ भने सिमेन्ट ६०० देखि ७०० पुगेको छ । महङ्गीको कारण बजार अस्थिर भएको कारण यसको फाइदा उठाउँदै व्यापारीहरुले पसलै पिच्छे फरक फरक आफ्नो भाउ राखिएको छ । जनताको स्वास्थ्यमा समेत खेलवाड

गरेर २ रुपैंया ५० पैसामा पाइने माक्स १०,१५,२० रुपैंया पसलै पिच्छे आफ्नो अनुकुलता र ग्राहकको आवश्यकता हेरेर मुल्य गरेको छ । पि.सि.आर टेष्टमा १५ हजारमा गरियो । ओम्नी ग्रुपसँग मिलेर तर अहिले हस्पिटल, प्राईभेट हस्पिटलहरुले २ हजारमा गर्दा सोझै १३ हजार बीचमा हराइयो । यो सोझै देखा देख भ्रष्टाचार भयो र म यो सरकारले यसको कति जिम्मेवार छ, सरकारमा म भन्न चाहान्छु । म यही सदनबाट अनुरोध गर्न चाहान्छु की जनताका यी समस्याहरु सबै समयमै निराकरण गर्नको लागि

**(माननीय सभामुख : माननीय सदस्य समय सिद्धियो)**

गर्नका लागि हामीले कुन कुरालाई सुधारेर जान सकिन्छ , कुन ऐन कानून सुधारेर जान सकिन्छ? र जनतालाई कसरी हाम्ले सुपथ मुल्यमा अहिलेको मारबाट बचाउन सकिन्छ?

**( माननीय सभामुखज्यू : माननीय सदस्य समय सिद्धियो )**

सरसल्लाह गरेर अगाडि बढौं भन्दै सरकारसँग अपिल गर्दै मेरा केही भनाईहरु अन्त्य गर्न चाहान्छु हस धन्यवाद, जय नेपाल ।

## माननीय सभामुख नेत्रनाथ अधिकारी

माननीय सदस्य श्री प्रभा कोइराला, समय ९ मिनेट ।

## माननीय प्रभा कोइराला

माननीय सभामुख महोदय, प्रस्तावकमा माननीय हरिशरण आचार्यज्यू बाट बढ्दो मुल्य

बृद्धि, कालोबजारी जमाखोरी नियन्त्रण गर्ने कृतिम अभाव र कृतिम महङ्गीको बिरुद्धमा कडा कानूनको महशुस गरीचारै दलको सहमतिमा सार्वजनिक महत्वको प्रस्ताव पेस गर्नु भए पछि  हामी छलफलमा जुटेका छौँ । सभामुख महोदय, मैले यो प्रस्ताव जन चाहानाको सम्बोधन गर्न र गण्डकि प्रदेश सरकारलाई अझ जनमैत्री उन्मुख गराउन सहयोग गर्ने ध्येयका साथ आएको महसुस गरेको छु । सभामुख महोदय, अनावश्यक मुल्य बृद्धि कालो बजारी र जमाखोरी  कृतिम अभावको स्थिति खडा गर्ने र अकुत सम्पति कमाउने गलत नियतले गरिने जमाखोरी प्रवृति आफैमा भ्रष्ट आचार को उत्पादन हो भन्ने मैले महसुस गरेको छु । हरेक क्षेत्रमा यस्तो भ्रष्ट आचारण गरिएको आजको अवस्थामा यसलाई नियन्त्रण गर्ने दायित्व सरकारको हो भन्ने कुरामा सरकार स्पष्ट हुँदै सरकार स्पष्ट छ भन्ने मलाई लागिरहेको छ । हामीले गण्डकी प्रदेश सरकारले सामाजिक न्याय सहितको तीब्र र दिगो आर्थिक विकासको लक्ष्य हासिल गर्ने सोचका साथ प्रदेश विकास समिति ऐन २०७७ सुशासनको प्रत्याभूती गराउने देहयका साथ प्रदेश सुशासनले सुशासन ऐन २०७६ समेतका केही कानूनी ब्यवस्था गरी विकास र सामाजिक न्यायका निम्ति कार्य गर्न मार्ग प्रशस्त गरेको स्थिति छ र प्रदेश सरकारले अनुगमन समिति समेत बनाएर कामको गतिलाई अगाडि बढाएको अवस्था छ । यद्यपि केही आवश्यकिय कानूनहरु बनाएर शान्ति सुब्यवस्था कायम गर्दै, गराउँदै दिगो आर्थिक विकास र सुशासनको लागि कार्य गर्ने दायित्व हामी जनप्रतिनिधिहरुको समेत भएको हुँदा हामी अझै चुक्न नहुने वर्तमान परिस्थितिलाई हेक्का राख्दै अगाडि बढ्नु पर्ने महसुश गरी सम्मानित सभा समक्ष बिचार राखिरहेको छु। सभामुख महोदय, देशको रक्षार्थ, संविधानको रक्षार्थ प्रधानमन्त्रीले जे निर्णय गर्नु भयो? राष्ट्र र जनताको हितका लागि गर्नु भयो । यो विषय स्वागत योग्य छ । त्यसै कारणले गर्दा खेरी प्रधानमन्त्रीले आज प्रधानमन्त्रीका लागि आज धेरै तरहबाट, धेरै प्रकारका छर्राहरु हानिरहेको यो अवस्थामा प्रधानमन्त्रीले जे निर्णय गर्नुभो जनादेश जनताको आगाडि पुगेर जनादेश लिनु भनेको माहसुश गरेर अगाडि बढ्नु भनेको

आजको सन्दर्भमा साच्चै मलाई लाग्छ जनताको अगाडि जान यदि जनप्रतिनिधिहरु डराउँछन् भने जनताको हितको लागि यी जनप्रतिनिधिहरुले के काम गर्न सक्छन भन्ने मैले महसुश गरेको छु । अझै सभामुख महोदय, मुल्य बृद्धिकै बारेमा आफ्नो धारणा राखिरहँदा मुलुकमा महिला आश्रित माथिको  अपमानको मुल्य ज्यादै चर्को भएको महसुश गरिरहेकि छु। सम्माननीय पदमा रहेको व्याक्तित्वलाई महिला भएकै कारण अनेक गाली गालौच र अपमानित शब्द प्रयोग गरिएको छ । यो निच भन्दा निच स्वभावको पराकाष्टा हो । सामान्तवादी सोचको पराकाष्टा हो । सभामुख महोदय, यसै सम्मानित सभाबाट माननीय सभामुख मार्फत हदै सम्मको कारबाहीको माग गर्दछु। अझै आश्चर्य लाग्ने विषय त सम्माननीय संस्था माथि जुन प्रकारको अपमान भएको छ, देशकै ठुला ठुला र घरै भत्काएर सडकमा हामी यहाँ छौं भनिएकै ठाउँबाट यस्ता अमानवीय गतिविधिहरुमा उपस्थित, अमानवीय गतिविधिहरु भिडमा उपस्थित उहाँहरुका कार्यकर्ता हुन् या भाडामा ल्याइएका मान्छे हुन् ? आदरणिय नेताज्यूहरु तपाईहरुलाई हेक्का छ, छ या छैन। यी उछृङ्खल तत्वहरुलाई कारबाही गर्न हुन्छ की हुँदैन? सभामुख महोदय, मलाई घृणा लाग्छ, जिम्मेवार भनिने, आफुलाई म केही गर्ने हो, यो समाजको म नेतृत्व गर्ने मान्छे हुँ, म पुरानो कार्यकर्ता नेता हुँ भनेर समाजलाई अघि बढाउने क्रममा रहिरहनु भएका आदरणिय नेता भनेर भन्न पर्छ मैले उहाँकै तर्फबाट कति अपमानित शब्दहरु महिलाहरुका लागि प्रेषित  गर्नुभयो । ती अपमानित शब्दहरु खेदजनक छन् । भन्दै तपाईं पनि आदरणिय नेता तपाईं महिलाको एवम आमाको गर्वमा दश वर्ष बस्नु भयो । १० महिना बस्नु भयो र पहिलो स्तनपान त्यही महिला, त्यही आमाबाटै स्तनपान गर्नु भयो त्यसैका कारण के असन्तुलित हुनुहुन्छ? यदि त्यस्तो हो भने तपाईले भनेको विषय सार्थक होला, हैन भने तपाईलाई समेत कारवाहीको कठघरा उभ्याउनु पर्ने जरुरी छ। आजको महिलाहरु कसैले महिलाहरुलाई खेलौनाको रुपमा हेर्न चाहान्छ सोच्न चाहान्छ भने यो सहन सक्ने विषय हुँदैन । यस कारणले गर्दा खेरी आज नेपाली आमालाई अपमान गर्ने तत्वहरुलाई हदैसम्मको

कारवाही गर्न पर्छ भन्ने माग जोडदार रुपमा म सभामुख मार्फत माग राख्न चाहान्छु। भन्दै मेरा आफ्ना भनाईहरु यही अन्त्य गर्छु, धन्यवाद नमस्कार ।

## माननीय सभामुख नेत्रनाथ अधिकारी

माननीय सदस्य श्री जनकलाल श्रेष्ठ, समय ८ मिनेट ।

## माननीय जनकलाल श्रेष्ठ

माननीय सभामुख महोदय, यस गरिमामय सदनमा विशेष अधिवेशनको आह्वानमा जरुरी सार्वजनिक महत्वको प्रस्ताव माथि छलफलमा महङ्गी नियन्त्रण सम्बन्धमा उपस्थित भै छलफलमा भाग लिन पाउँदा आफैलाई भर्वित मानेको छु । यहाँ धेरै कुराहरु साथीहरुवाट आइसकेको छ । म यहाँ जुहारी खेल्न आएको होइन । प्रदेश सरकारले के काम गरेको छ, हामी सबले कसरी अगाडि बढिरहेका छौं भन्ने कुराको केही दृश्टान्तहरुलाई मैले यहाँ प्रस्तुत गर्न अनुमति चाहान्छु । किनभने तिन तहको सरकार, गण्डकी प्रदेश सरकारले मात्रै सम्पुर्ण महङ्गीको नियन्त्रण गर्ने क्षमता छ कि छैन भन्ने कुरा यो सदनमा माननीय सदस्यज्यूहरुलाई पनि अवगत भएकै कुरा हो । के यो गण्डकि प्रदेशले यो महङ्गी नियन्त्रण गर्ने सम्पुर्ण अभिभारा लिन सक्छ त भन्ने कुरामा यहाँ मैले केही कुरा गर्न चाहान्छु । के हाम्रो गण्डकि प्रदेशले केही गर्नै खोजेकै होइन त? के कानून नियमहरु बनाएकै छैन त? के प्रतिवेदन अनुसार काम नगरेकै हो त भन्ने कुरामा म केही बुँदाहरु राख्न अनुमति चाहान्छु। गण्डकि प्रदेशका मुख्यमन्त्री संयोजकत्वमा रहेको प्रदेश ब्यावसाय मञ्च गठन, आदेश बमोजिम संचालित समिति र कार्य समुहको नियमित बैठकहरु बसेका छन्। हाम्रा मुख्यकमन्त्रीज्यूको संयोजकत्वमा हाम्रो यो गण्डकि प्रदेशमा बेरोजगारीको स्वरोजगार कसरी बनाउने? बाहिरबाट आएका युवालाई स्वरोजगार कसरी बनाउने? कृषिमा निर्भरता कसरी गराउने, लाने, उद्योगधन्दामा कसरी संचालन गर्ने, जस्ता कार्यक्रमहरु प्रदेश सरकारले ल्याएको

छ । यति मात्रै होइन, प्रदेश ब्यवस्था ब्यावसाय मञ्च कोष ब्यवस्थापन कार्यविधि २०७६ तयार गरी सो बमोजिम कार्य प्रराम्भ पनि  गरिएको छ। कानून बनाइएको छ। कसरी नियमन गर्नु पर्छ भन्ने कुराहरु यहाँ राखिएको छ। हामी भन्ने अवस्थामा अहिले नि के भन्छौ भने यो सरकारले केही गरेन अथवा हाम्ले केही गरेनौ। हामी सबैले केही गरेका छौं । यदि हामी  गरेका छैनौ भने हामी सबैले केही गरेका छैनौ। यसकारण हामीले सबैले आफ्नो जिम्मावारी बहन लिनुपर्छ भन्ने मलाई लाग्छ। त्यस्तै गरेर स्थानीय तह तथा स्थानीय प्रशासनसँग समन्वय गरेर हामीहरुले कालोबजारीया, एकाधिकार सेण्डिकेट तथा कर्बोलिङ अन्त्यको तथा गुणस्तरिय नियमित आपूर्ति पनि सुनिश्चित गर्ने गरेका छौं । कसरीजान पर्छ भन्ने कुरा त्यहाँ अनुगमन गरेका छौं । त्यसको लागि 2२६ पटक भन्दा बढि नियमित बजार अनुगमन गरिएको छ । कसरी कार्य संचालन गरिएको छ? कार्यब्यवस्था कसरी संचालन गरिएको छ? भन्ने कुरामा नियमन गरिएको छ । त्यसको लागि स्थानीय तहलाई समेत हाम्ले समन्वय गरेर यो कार्य अघि बढिरहेको छ । सभामुख महोदय, यहाँ खसीको मासु बढ्यो, कुखुराको फूलको भाउ बढ्यो भन्ने कुरा आइरहेको छ । हामी किसानलाई उत्पादन गर्नका निमित्त, अगाडि बढाउनका निमित्त बिदेशबाट कुखुरा आयात नहोस भन्नका निमित्त यहाँ कार्य गरेका कृषिहरुले आत्मनिर्भरता अगाडि बढोस भनेर त्यो कार्य गरिएको छ । आज कृषि मन्त्रालयबाट त्यो जुन कार्यब्यवस्थाहरु गरिएका छन् , त्यसको आधारबाट हामी सबैलाई, हामी सबैले के भन्नुपर्छ भने ब्यावसाय गर्नुपर्छ, ब्यावसाय गर्नको निमित्त हामीले यो सरकारले विशेष अनुदान दिनु पर्छ र भाउ घटाउनु पर्छ भन्ने कुरामा हामीले सचेत भएका छौं र गर्नु पर्छ भन्ने मलाई लाग्दछ । यसर्थ हामी सबै चिन्चित छौं । हामी के सोचेका थियौं, देश परिस्थिति के भैरहेको छ भन्ने कुरा हामी चिन्चित छौं । साच्चै भन्दा हो यहाँ महङ्गी बढेकै छ, बढेकै छैन भन्ने कुरा होइन । महङ्गी नियन्त्रणका निम्ति हामी के गरिरहेका छौं त भन्ने कुरा हो । त्यसको प्रतिफल के पाउँछौं भन्ने कुरा हो । मलाई पूर्ण विश्वास छ, हामी सक्षम हुने छौं । सफल हुनेछौं । किन

भने  यो महङ्गी नियन्त्रणको निमित्त जुन साथिहरुले भावना राख्नु भएको छ नियन्त्रण गर्नुपर्यो भनेर भन्नु भएको छ। साच्चै हो, हाम्रो प्रदेश सरकारले के भन्छ कार्य सम्पादन गरेको छ । अगाडि बढेको छ र अगाडि बढ्छ भन्ने हामीलाई पूर्ण विश्वास छ । अर्को एउटा कुरा यो जुन राजनीतिक प्रकृया जुन आइरहेको छ । केन्द्रको राजनीतिमा हामी यहाँ बहस गरेका छौं । मलाई लाग्छ, के हामी सबै न्याधिश भयौं अब? सबैले कालो कोट लाएकै हो त हामी यहाँ सबैले? हामीले भनेको कुरा सही हुन्छ त यहाँ? हाम्रो सम्माननीय प्रधानमन्त्रीज्यूले  जे काम निर्णय गर्नु भएको छ , त्यो मैले उहाँलाई सम्मान गर्छु । आँट हुनुपर्छ, जनताको अगाडि जानलाई, जनताको अभिमत लिनलाई हामी किन पछि पर्ने? हामी आएका छौं जनताकको मत लिएर आएका छौं यहाँ । फेरि जनताको मत लिनलाई हामीलाई के को डर? राम्रो काम गर्छौं, जनताले अभिमत दिन्छ, नराम्रो काम गर्छौं, जनताले मत दिँदैन। हामीले स्वीकार्य गर्नुपर्छ। त्यही हाम्रो श्रदय प्रधानमन्त्रीले त्यही भन्नु भएको छ। गर्नु भएको छ । त्यस प्रति म पूर्ण समर्थन गर्छु । ठिक काम गर्नु भएको छ उहाँले। अर्को कुरा जब यो मुद्दा सर्वोच्चोमा गएर बसेको छ, सर्बोच्चोको न्यायलयले निर्णय गर्ने छ, त्यो सबै त्यहाँका कुरालाई हामी यहाँ बसेर यो भयो र उ भयो भन्ने कुरा भन्दा किन भने सम्माननीय सर्वोच्चलाई दवाब दिने जुन काम गरिएको छ, यो राम्रो काम होइन, भन्ने मलाई लाग्छ । यति भन्दै साथिहरुले यो जुन विशेष अधिवेशन बोलाएर यहाँ जुन बोल्ने मौका दिनु भएको छ, यो अधिवेशन मतलब आह्वान गर्ने साथिहरु प्रति म आभार ब्यक्त गर्दै हामी सम्पूर्ण एक जुट भएर अगाडि बढौं, गण्डकि प्रदेशको विकासको निमित्त, गण्डकि प्रदेशको महङ्गीको नियन्त्रणको निमित्त हामी एक जुट भएर बढ्न म अनुरोध गर्दै दुई शब्द यही टुङ्याउछु हस् धन्यवाद, नमस्कार ।

## माननीय सभामुख नेत्रनाथ अधिकारी

माननीय सदस्य श्री मणिभद्र शर्मा, समय १० मिनेट ।

## माननीय मणिभद्र शर्मा

माननीय सभामुख महोदय, माननीय हरिशरण आचार्यबाट प्रस्तावित धनमाया लामा पोखरेल र ओमकला गौतम बाट समर्थित महङ्गी सम्बन्धि यस विशेष अधिवेशनमा प्रस्तावित सार्वजनिक महत्वको प्रस्तावका बारेमा हामी छलफल गरिरहेका छौं । मैले मेरो मतदाता नामावली भएको जिल्ला बाग्लुङको १७ ओटा आइटमको गत चैत्र १ गते देखि आज ५ दिन अगाडि सम्मको मुल्य सर्वे गरे । र त्यसमा खानेतेलमा २६% मुल्य बढेको छ । चिनीमा ८% मुल्य बढेको छ । कफि र चियापत्तिमा १००% मुल्य बढेको छ । दुधमा २५% मुल्य बढेको छ । दहिमा १९% बढेको छ । मासमा एब्रेजमा २५% मुल्य बढेको छ । सुनमा २७% मुल्य बढेको छ । अण्डामा २२% मुल्य बढेको छ । कुखुरा दाना ७% मुल्य बढेको छ । प्याजमा ६६% मुल्य बढेको छ । आलुमा ७०% मुल्य बढेको छ । तरकारीमा ३०% मुल्य बढेको छ। भाडावर्तनमा १५% मुल्य बढेको छ । निर्माण सामाग्रीमा विशेष गरेर रडमा २५% मुल्य बढेको छ । औषधिमा टिभि, क्यासन्सर र बाथरोगका औषधिहरुमा २०% मुल्य बढेको छ । फर्निचर, पलाई आदिमा १०% मुल्य बढेको छ । र अरु कृषि समाग्रीहरुमा २५% मुल्य बढेको छ । मैले १७ ओटा आइटमको सर्वे गरे र यलाई एथेन्टिक हो कि होइन भनेर अरु विद्वानहरु, प्रोफेसरहरुबाट पनि यलाई मैले क्रस चेक गर्न लगाएं र यलाई मैले यहाँ जानकारी लागि पेश गरे । अब मुल्य बृद्धि कसरी भयो त अब यसका २ओटा कारण हाम्रा सामु छन् । एउटा हामलाई भन्न सजिलो कारण छ । मिठो कारण छ, कोभिड-१९ को असर त अर्को भन्न असजिलो लाग्ने अलि अपृय लाग्ने शब्द छ, मैले त्यसलाई पनि मोठो भाषामा, माठो शैलीमा भन्न कोसिस गर्छु । त्यो हो, शु-ब्यवस्थापनको अभाव । ब्यवस्थापन ठिक ठिक भको भए यो मुल्य बृद्धिलाई हामीले नियन्त्रणमा राख्न सक्थ्यौं। बजार अनुगमन, सामानको उचित ढंगको भिजनमा ध्यान दिएको भए यो मुल्यलाई नियन्त्रमा राख्नलाई सकिन्थ्यो । मैले

अब यी छोटकरीमा यो मुल्य बृद्धिसँग सम्बन्धित कुराहरुलाई जोडे र मैले एउटा दुखद घटना बाग्लुङ जिल्ला हस्पिटलमा, बाग्लुङको धौलागिरी हस्पिटलमा यही पुस २२ गते जैमिनी नगरपालिका वडा नं ८ का राम प्रसाद उपाध्याय कोभिडको आशंकामा भर्ना हुनुहुन्छ, र २२ सै गते उहाँको स्वाव लिइन्छ । २६ गते राति उहाँको त्यही हस्पिटलमा मृत्यु हुन्छ र २७ गते दिउसो ३ बजे बल्ल कोभिडको रिजल्ट जान्छ र उहाँलाई पोजेटिभ थियो भन्ने । अब यो कोभिड वलाको ब्यवस्थापन लाई पनि एउटा नमुना मैले भेटे। उहाँको परिवारहरुको आँशु हेरेर आए मैले र अर्को एउटा योङ विकास मोडेल भन्ने जैमिनी नगरपालिका वडा नं ७ ती २ ओटा वडाको नजिकका छिमेकि हुन् । त्यता त्यो जैमिनीका सुदुर गुल्मीकासँग जोडिएका दक्षिण बेल्टका वाडहरुमा यो प्रभाव अलि बढेको छ अहिले । र त्यहाँ अर्को विकास पौडेल भन्ने एउटा भाईको पनि आज बिहान ६: १० बजे मृत्यु घोषणा गरियो । उहाँ २१ गते त्यो हस्पिटलमा भर्ना हुनु भाको थियो र अब ती मैले त्यहाँको मेडिकल सुपरिटेन्डेड र उसँग खटेका डक्टरहरुलाई बिहान भेटे । अब स्वाबको रिजल्ट यति ढिलो किन भो, हामी कहाँ के भैराछ भने हामीले टेन्डर त गरेका छौं तर ठेकेदारहरुलाई त्यो पि.सि.आर मेसिन किन्ने सम्झौता गरेका छौनौं भन्नु भो । अब अनि त्यसपछि त्यसलाई चाहिने मेडिकल मेनपावरका बारेमा पनि मैले जान्न खोजे । मेडिकल मेनपावरको पनि हामीले विज्ञापन गरेका छौं भन्ने कुराहरु त्यहाँ भन्नु भयो । अब मैले यो महङ्गी र कोभिडका बारेमा थोरै कुरा गरे । यो हाम्रो आज विधेयकका हिसावले त बोल्न नमिल्ने हो तर यहाँ पूर्ववक्ता विद्वान माननीय ज्यूहरुले राजनीतिक कुरा पनि अलिकिति छुने गरेको र त्यही परम्परा बसाएको थाहा पाए म आज । हिजो अस्ति आज सकिन र म आज ढिलो आउँदा मैले त्यो थाहा पाए र म बाध्य भएर केही कुरा बोल्नै पर्ने ठाने । हाम्रो संविधानरुपी रेल लिक छोडेको छ । रेलले लिक छोडयो भने त्यहाँका यात्रुहरु दुर्घटनामा पर्छन् । ठुलो नोक्सान हुन्छ । अब त्यसलाई त्यो लिक छोडेको रेललाई हाम्रो सर्वोच्चो अदालतले फेरि लिकमा ल्याईदियोस् भनेर धेरै जनाले निवेदन

गरेको र छलफलमा क्रममा रहेको अवस्था एकातिर छ । हैन मैले त त्यो रेललाई लिकै लिक हिडाइरहेको छु भन्नेले र लिक छोड्यो भन्नेहरुले दुबै थरीले अदालतलाई प्रभाव पार्ने, जुलुस सभा गर्ने, प्रत्यक्ष अप्रत्यक्ष दवाब दिने कामहरु निरन्तर रहेका छन्। यो पक्षले दवाब दियो, उ पक्षले दवाब दिएन भनेर एउटा निरपेक्ष रुपमा बोल्दा त्यस्तो देखिदैन । तागत देखाएर पुरा दमका साथ रेललाई लिकबाट बाहिर लानेले पनि हैन भनेकै छ । हैन यो त रेल त लिक छोडिसक्यो बर्वाद भो भन्नेहरुले पनि अदालतले पनि सुनोस् भन्नी किसिमका कुराहरु गर्न छोडेकै छैनन् र यो अवस्थाले अब हामीलाई २ ओटा डरलाग्दा अवस्थाको सामना गर्न पर्ने बाध्यता हुँदैछ । राजनीतिले मुल बाटो छोडेर अलिकति कुबाटो समात्न खोज्यो भने अति उग्र बामपन्थि र अति उग्र दक्षिणपन्थिहरुको खेल्ने ग्राउन्ड फराकिलो बन्छ । सजिलो बन्छ । यसमा हामी सबै गम्भीर बन्नु पर्दछ र आत्माआलोचना गरेर करेक्सन गराउने ठाउँमा सर्तका साथ करेक्सन गराउनु पर्दछ । प्रधानमन्त्रीजीले संविधानमा ब्यवस्था नै नभएको कुरा जवरजस्त तागतका भरमा स्थापित गराउने कोशिस गरिरहनु भाको छ । २०५१ सालमा गिरिजा प्रसाद कोइरालाले यद्दपि संविधानमा त्यो बेला प्रधानमन्त्रीले संसद विगठन गर्ने अधिकार लेखिएको थियो तर आफ्ना साथीहरु सितको छलफल, बहस, गर्ने र सहयात्रा गर्ने भन्दा देखाईदिन्छु भनेर आफु दोस्रो पार्टीमा झर्नु भाको थियो । अब अहिलेको प्रधानमन्त्रीले संविधान मै नभएको कुरा आफ्ना साथीहरुसँग सहकार्य गर्ने, छलफल गर्नेको सट्टा देखाईदिन्छु भनेर भङ्ग गराएर फेरि ताजा जनादेश माग्न थाल्नु भाको छ । तथ्यले के बताउँछ भने उहाँ पनि अहिले भएको तागतबाट घटेर तेस्रो, चौंथो, पाँचौंमा पुग्ने हो । अब अहिले भएका आफ्ना सहयात्री साथिहरुसँग सहकार्य गर्न नसक्ने मान्छेले हार्छु भन्ने जान्दाजान्दैको चुनाव गराउला भनेर पत्याउने कि नपत्याउने? यी समस्या हाम्रा अगाडि छन् र यसलाई हामी आम नेपाली जनताले गम्भीर रुपमा लिनु पर्दछ । भन्ने भनाईहरु राख्दै यो हाम्रो गण्डकी प्रदेशको महङ्गाई यो गण्डकी प्रदेशमा भएका यी कोभिडका फेरि नयाँ शैलीले नयाँ रुप ल्याउन थालेका

अवस्थालाई  हामीले कसरी ब्यवस्थापन गर्ने हामी गम्भीर हुन पर्छ भन्ने आग्रह गर्दै आफ्ना भनाईहरु अन्त्य गर्दछु, धन्यवाद जय नेपाल ।

## माननीय सभामुख नेत्रनाथ अधिकारी

माननीय सदस्य श्री कृष्ण थापा, समय ५ मिनेट ।

## माननीय कृष्ण थापा

माननीय सभामुख महोदय, विशेष अधिवेशनको जरुरी सार्वजनिक महत्वको प्रस्तावको विषय महङ्गी सन्दर्भमा हामी छलफल गर्न गैरहेका छौं र मैले यस सन्दर्भमा आफ्ना भनाई राखिरहेको छु । नेपालको अर्थतन्त्र र नेपालको राज्य सत्ता अर्ध सामन्ति र अर्ध उपनिवेसिक अवस्थामा छ । त्यसैले नेपालको अर्थतन्त्र, नेपालको राज्य सत्ता दक्षिन र पश्चिमबाट अथवा दायाँ र बायाँबाट प्रभावित छ र यसको अर्थतन्त्र आफ्नो अथवा  राष्ट्रमुखी अलि कमजोर छ जस्तो मलाई लाग्छ ।  यस सन्दर्भ अहिले यो मुल्य सन्दर्भमा जब बढ्छ, यसले सबभन्दा बढि गरिब, सर्वहारा र उत्पिडित जनताहरुलाई सबभन्दा ठुलो मार पर्छ । यस कारण गरिब जनताका सर्वहारा नेता माक्सले यो अर्थतन्त्रको सन्दर्भमा एउटा एकदम सरल र सटिक भनाई प्रस्तुत गर्नुभाको छ । उत्पिडित जनताको पक्षमा। पूँजीपतिहरुले काम गर्ने मजदुरहरुको ज्याला उचित दिँदैन । जब उत्पादन बस्तु हुन्छ। तर त्यो उत्पादन उत्पादित बस्तुको मुल्य असाध्यै धेरै राख्छन् । र पूँजी पतिहरुलाई नाफा दिन्छन् । त्यसकारण यी २ ओटा चिज हटाउनु पर्छ भनेर एकदम सटिक र सरल भाषामा उहाँले प्रस्तुत गर्नु भाको छ र मलाई लाग्छ, हामीहरुले पनि यसको दायरा भित्र आफ्नो अर्थतन्त्रलाई बढाउने कुरामा नेपालको सरकार, गण्डकि प्रदेश सरकार यस विषयमा गम्भीर हुने कुरा म यहाँ सँग अनुरोध गर्न चाहान्छु । र विशेष गरेर यो मुल्य सन्दर्भमा  ३/४ ओटा कुराहरुले सबभन्दा बढि प्रभाव पारेको र यसको नियन्त्रण हुन नसकेका अवस्थाहरु हामीले

निरन्तर रुपमा देखिरहन्छौं । यो महङ्गी कोभिडका कारणले बढेको मात्र होइन, कोभिड नहुँदा पनि नेपाली जनताको अगाडि महङ्गीको ठुलो मार छ। र यसको लागि २/३ ओटा कुराहरुको मैले यहाँ प्रस्तुत गर्न चाहन्छु । सबभन्दा बढि महङ्गीको मार कोल्ले सृजना गर्दो रहेछ, भने बिचौलीयाहरुले यसको सृजना गर्दा रहेछन् । हामीले आफ्नो उत्पादन भएका बस्तुहरु अथवा बाहिरबाट ल्याउने बस्तुहरुमा बिचौलीयाहरुको असाध्यै ठुलो रोल रहेछ । मैले तपाईहरुको अगाडि एकदम सटिक र छोटो कुरा के भन्न चाहान्छु भने आज भन्दा करिब ५ दिन पहिले मैले मेरो गाउँमा सुन्तला बिक्री गरियो । ४५ रुपैंयामा तर अहिले यहाँ बजारमा मुल्य रहेछ १२०, १३० १०० भन्दा ,माथि रहेछ । त्यसकारण यो बिचौलीयाहरु के रहेछन् त भने मुल्य बृद्धिका कारक बन्दा रहेछन् ।यसकारण सरकारले त्यो बिचौलीयाहरुको विषयमा अध्ययन, मूल्याङ्कन गरेर यसलाई नियन्त्रण गर्ने कुरामा बढि  भन्दा बढि ध्यान दिन पर्ने आवश्यकता छ र आर्को तिर यातायात र बजार ब्यवस्थापन पनि के रहेछ भने मुल्यको एकदम ठुलो कारक बन्दो रहेछ । आज हामी गाउँमा बस्छौ, गाउँहरु सबै यातायातबाट राम्रो प्रभावित छैन । सडकहरुको सुबिधा छैन तर त्यहाँ सामान डुवानी गर्ने यातायातका साधनहरु पनि राम्रो प्रकारको छैन त्यसले गर्दा खेरी सडक नहुनुको कारणले र राम्रोसँग साधन नहुनका कारणले त्यहाँ लैजाने सामान स्पोट गर्ने मान्छे ब्याक्तिहरुले पनि बस्तुहरुको मुल्यमा के गर्या छन्, ढुवानीमा असाध्यै ठुलो कायम गरेका छन् र त्यसले पनि के देखाएको छ त भने शहर र गाउँको बीचको अन्तर र यहाँ र त्यहाँको मुल्यको अन्तर पनि असाध्यै देखिएको छ । त्यसले गर्दा खेरी सडक र यातायातका साधनहरुलाई पनि राम्रोसँग ब्यवस्थापन गर्न नसक्नुका कारणले गर्दा पनि हामी त्यो अभावमा करणले गर्दा पनि मुल्य असाध्यै अन्तर हुने, बढ्ने, कुराहरु पनि रहेको छ । र आर्को कुरा सबभन्दा बढि हाम्रो उत्पादनमा लगानी र आधुनिक साधनहरुको हामीले कति प्रयोग गरेका छौं  त भन्ने कुराले पनि मुल्यको सबै भन्दा बढि कायम गर्छ । हामीले हाम्रो देशमा देखि हाल्यौ, केही उद्योग कलकारखानाहरु

हाम्रा अगाडि कयौं देशहरुले बनाइदिए । त्यसलाई हामीले निजीकरण गर्यौ र बेच्यौं। हामीले उद्योग संचालन गर्न सकेनौ । त्यसले गर्दा खेरी के हो त भने एकदम राम्रो सामान उत्पादन गर्ने औजारहरु, यन्त्रहरु हामीले बनाउनुको आवश्यक छ । र त्यति मात्र हैन, धेरै पूँजी पनि लगानी गर्नु पर्ने आव्श्यकता छ र २ ओटाको संयोजन गर्न सक्यौं भने एक त धेरै सामान उत्पादन हुन्छ । जब धेरै सामान उत्पादन हुन्छ त भने माग र पूर्तिका आधारमा के हुन्छ, मुल्य सस्तो हुन्छ । यसकारण सरकारले यो विषयमा गम्भीरताका साथ मनन् गरेर यो मुल्यलाई नियन्त्रण गर्न पर्ने आवश्यकता छ । यसकारण यो मुल्यलाई

**( माननीय सभामुखज्यू : माननीय सदस्य समय सिद्धियो )**

नियन्त्रण गर्ने विषय यी नै हुन् र यो विषयमा गण्डकि प्रदेश सरकार, नेपाल सरकार र स्थानीय सरकार गम्भीरताका साथ ध्यान दिनु छ भन्ने कुरा राख्दै बिदा हुन्छु धन्यवाद ।

## माननीय सभामुख नेत्रनाथ अधिकारी

माननीय सदस्यहरु अब म माननीय उद्योग, पर्यटन, बन तथा वातावरण मन्त्री श्री विकास लम्साललाई जरुरी सार्वजनिक महत्वको प्रस्तावको छलफलको क्रममा उठेका प्रश्नको जवाफ दिन अनुमति दिन्छु ।

## माननीय उद्योग, पर्यटन, बन तथा वातावरण मन्त्री विकास लम्साल

माननीय सभामुख महोदय, यो विशेष अधिवेशनमा माननीय सदस्यहरुले अत्यन्तै धेरै महत्वपूर्ण सरोकारवाला विषयहरुमा धेरै कुराहरु राख्नु भएको छ । म सर्वप्रथम माननीय सदस्यहरुलाई हार्दिक हार्दिक हार्दिक धन्यवाद दिन चाहान्छु । माननीय सदस्यहरुले जुन अब महङ्गीको बारेमा अत्यन्तै गहिराईसम्म पुगेर, यथार्थमा पुगेर जुन कुराहरु राख्नु भो।

ती कति कुराहरु सत्य छन् र माननीय सदस्यहरुले कतिपय कुराहरु पत्रिकाबाट पनि टिपेर साच्चिकै झै एकदमै अब कुन श्रोतबाट ल्याउनु भो ती विषयमा पनि मैले पनि अस्ति हाम्रो सचेतकले तपाईलाई महङ्गीको बारेमा आपूर्ति मन्त्रालय तपाईंको भा हुनाले तयारी गर्नुस् है भन्नु भाथ्यो । मैले नी यो २ दिन असाध्यै धेरै मेहनत गरेर यथार्थमा सबै कुरा ल्याएको छु । म आज स्मरण गर्न चाहान्छु । २०५० सालको कुरा हो । यही संसदमा यही हलमा श्रदय मदन भण्डरीले हामीलाई एउटा प्रशिक्षण दिनु भाथ्यो । अन्तिम प्रशिक्षण। कास्की जिल्लाको तेस्रो अधिवेशन थियो । त्यो बेलामा म पृथ्वीनारायण क्याम्पसमा पढ्थे र हामी हाम्रो रबिन्द्रजीलाई पनि म आज सम्झिन चाहान्छु। उहाँ संयोजक हुनुहुन्थ्यो । म उपसंयोजक थिए र यो हामी स्वयमसेवकको रुपमा आएका थियौं यो हलमा । र मदन भण्डारीले त्यो बेलामा जनताको बहुदलीय जनवादको बारेमा धेरै कुराहरु यही हलमा हामीलाई प्रशिक्षण दिनु भाथ्यो । र उहाँले सदनलाई भन्दा खेरी ४८ सालको सदनमा मदन भण्डारीले हामी हिजो संसदमा थिएनम् । पञ्चायतलाई हामीले उपयोग गरेम । त्यसलाई भत्काउनको लागि गरेम । तर हामी अहिले संसदमा आइपुगेका छौं । अब यो संसद विगतका युरोपका संसद जस्तो, बुर्जुवा संसद जस्तो कुरा गर्ने ठाउँ होइन। यो जनताको सरोकारवाला समस्याहरुको समाधान गर्ने प्रतिनिधिहरुले जनताका जनताका आवाजहरु ल्याएर संसदमा बोल्ने सरकारले नि त्यसलाई त्यो जवाफ दिने मात्र औपचारिकतामा होइन, तिनलाई एकदम सही हिसाबले बुझेर कार्यान्वयन गर्ने थलोको रुपमा विकास गर्न चाहान्छौं भएर उहाँले भन्नु भाथ्यो । म आज श्रदय मदन भण्डारीप्रति पनि फेरि म उहाँले भने जस्तै सांसदहरुले कुरा उठाउनु भाछ, यो समस्या समाधान गर्ने हिसाबले नै अत्यन्तै जिम्मेवार हिसाबले नै जनतालाई अब हामी निर्वाचनमा जानु छ । संसद प्रति कुरा पनि उठ्या छ । तिन वर्षमा चुनाव हुनी, ५ वर्ष नी नटिक्नी फेरि धेरै निराशा छ । यो जनतालाई पनि सन्देश हुन्छ । हामले बोलेको कुराहरु आज यही सदन भित्र मात्र छन । मिडियाहरुले हेरेका छन्, दुनियाले हेरेको छ, संसारले हेरेको छ । त्यसकारण माननीय सदस्यहरु म सभामुख मार्फत म माननीय सदस्यहरुसँग

अनुरोध गर्न चाहान्छु । आज मैले बिहान देखि धेरै छलफल गरे । म अतिकति यो लिगल्लि कुराहरुमा केही अफ्ठ्यारो भने हाम्रो मुख्य न्यायधिवक्ता राजेन्द्र सरसँग दगुरेर जान्छु । मैले गरेर बोलाउँछु । उहाँ पनि आउनु हुन्छ । मैले बोलाएपछि तुरुन्तै । सांसदहरुले संसदमा मन् फुकाएर कुरा राख्न पाउनु हुन्छ । त्यो सांसदको अधिकार हो। तर मन्त्रीले संसदमा बोल्दा खेरी मन फुकाएर बोल्न पाउँदैन । किन भने मन्त्रीको मर्यादा हुन्छ । मन्त्रीले बोल्दा खेरी  औपचारिक कुरा मात्र बोल्न पर्छ । फेरि अल्लि अगाडि बोल्यो भने सांसदले बोल्यो भनेर मन्त्रीले बोल्ने भनेर हप्काउँछन् । राजेन्द्र सर बोलम कि के गरम? मलाई मर्यादित हिसाबले बोल्दा सचिबले जे तयार गर्नुहुन्छ त्यही लएर बोल्न पर्यो । अलिकति सांसदले जे कुरा उठाउनु भो त्यसलाई जवाफ दिंदा खेरी सांसदको पनि धित मर्ने, आफुले गरेको काम पनि जानकारी हुने । जनताले पनि थाहा पाउनी के गरम् भनेपछि, बोल्नुस् अहिले मैले बोल्नुस् भन्नी थिन अघि पछि भाए अहिले भन्छु । सर्वोच्च अदालतका न्याय मुर्तिहरुले त जसले सरकारको अहिले पनि पेन्सेन खानु हुन्छ, संविधान सर्बोच्च अदालतमा न्यायलयमा मुद्दा छ, यसो गर्न हुन्छ, यो गर्न हुन्न, असंवैधानिक संवैधानिक भन्या छ भने तपाईं त राजनीतिक मान्छे हो र त्यो राजनीतिक मञ्च पनि हो । तपाईंलाई के बाँकि रह्यो । यो संविधान, यो विधि, यो कानून, यो सबै कुरा माने देखि सबैले मान्न पर्यो, मान्नका लागि बनाएको हो । अब मान्दैनन् भने सबैले भद्रगोल गरेर तोड्छन् भने त्यो निर्वाचन सम्म अब तपाईं रोकिन पर्दैन भनेर उहाँले मलाई सल्लाहा दिनु भयो भयो । मैले यो आज यहाँ बोल्नका लागि राजेन्द्र जीलाई पनि मैले कानूनी सल्लाह लियाछु । हाम्रो सचिवजीले पनि मन्त्रीज्यू, अब हजुरले हाम्रो सचिव पनि एकदम बिद्वान हुनुहुन्छ । हाम्रो डाक्डर हाम्रो महेश्वर ढकाल । उहाँले पनि धेरै मेहनत गरेर हाम्रो योजना आयोगको उपाध्यक्षले पनि आफ्नो पनि अध्ययन रैछ यो । नीति तथा योजना आयोगमा यो बजार अनुगमनको बारेमा। उहाँले पनि मलाई डाटै दिनुभाछ, कुन, कुन सामानको कति कति मुल्य बढ्याछ भनेर, हामले गरेका म सिम्वोलिक रुपमा एउटा, दुई ओटा उदाहरणहरु दिन चाहन्छु । र म सभामुखज्यूको ध्यानाकर्षण पनि गर्न

चाहान्छु। अघिल्लो संसद अधिवेशन अन्त्य अन्त्य हुन लाथ्यो, भोली पल्ट अन्त्य हुनी थियो । आज जसो एक जना माननीय सदस्यले मैले नाम बिर्से उहाँको सदनमा कसैले त्यो ब्याक्ति गत रुपमा आक्षेप लायो भने मैले हाम्रो गिता, एउटा पुस्तकमा लेख्या छ के, तिमी जीवनमा सहकार्य गरेर हिड्दा धेरै राम्रा मान्छेहरु सँग भेट हुन्छौ, नराम्रा मान्छेसँग पनि भेट हुन्छौ, नराम्रा मान्छेले केही भन्यो भनेर तिमीले त्यो दिमागमा नराखु है, राख्यौ भने तिमीलाई इर्श्या बढ्छ। राम्रा मान्छेहरुको कुरा कुरा तिमीले यहाँ राक्दै जाने, नराम्रा मान्छेहरुले जे भन्छन त्यस बेला बिर्सिदिहाल्नु, मैले बिर्से त्यो । त्यो गिताले दिएको हिसाबले उहाँले अलि मलाई अलि धेरै तल झारेर भन्नु भोली पल्ट जवाफ खोज्या थिए। भोलीपल्ट हाम्रो माननीय मुख्यमन्त्रीजीले जवाफ दिन थियो। त्यही दिन सदन अन्त्य भयो, मैले दिन पाइन। सभामुख महोदयसँग मैले टाइम माग्या थिए, हाम्रो सचेतक जीले त्यसरी कुरा उठ्यो जवाफ दिन पर्यो भन्नु भाथ्यो, सदन स्थगित भो म आज पहिलो चोटि यो सदनमा आको छु त्यसपछि। त्यसमा पनि मैले १५ मिनेट मलाई माननीय सभामुखजीले टाइम दिनुहुन्छ। माननीय सदस्यहरुले न आत्तिकिन सुन्दिनु होला, झिजो नमान्दिनु होला । मैले बीच बीचमा यसलाई अलि तपाईहरुलाई पनि सुनम सुनम लाग्ने हिसाबले बुझाउन कोसिश गर्नेछु र अर्को अब अलि राजनीतिक कुरा पनि उठ्यो। म संविधान सभाको सदस्य पनि हो। मैले संविधान पनि लिएर आछु। यहाँ संविधानमा हस्ताक्षर गर्ने माननीय सदस्य पनि हुनुहुन्छ ।भनेर माननीय सदस्यले मलाई नै इङ्कित गर्नु भाहोला । धेरै हाम्रो मुख्य मन्त्रीज्यू, अर्थमन्त्रीज्यू, म हाम्रो सामाजिक विकास मन्त्रीज्यू, हाम्रो माननीय सदस्य पनि १, २ जना संविधान सभाका सदस्य हामी यहाँ छौं । पहिलो र दोस्रो संविधान सभामा।म यो संविधानको बारेमा पनि केही कुरा जोड्ने कोसिश गर्नेछु। मैले सकेसम्म यी कुराहरु टिपेर ल्याकोछु र म विषयमा प्रवेश गर्न चाहान्छु । महङ्गी यो हाम्रो हामी यस्तो ठाउँमा छम, हाम्रो महङ्गी नियन्त्रण हाम्रो हातमा मात्र छैन । हामी इन्डियाबाट सामान किनेर ल्याउँछौं र त्यो सामान हाम्रो खुला बजार ब्यवस्था छ र यो बजारमा उनीहरुले किनेर ल्याएको मुल्यलाई जोडेर भन्सार तिरेर ल्याएर बेच्दा खेरी

अहिले यो ७६/७७ र ७७/७८ मा माननीय सदस्यहरुले भने जस्तो महङ्गी भाछैन। कुन विषयमा कति बृद्धि म एक-एक सामानको पनि भन्दिन्छु। हामले गरेको राम्रा कामहरु हामले प्रचार गर्न सकेनम्। हिजो एकजना माननीय सदस्यले भन्नु भाथ्यो, नयाँ संविधानपछि ३ तहका सरकारहरु बने संघीय सरकार प्रदेश सरकार, स्थानीय सरकार। सरकारले काम गर्ने भनेको संविधानमा टेकेर हो । नियमावलीमा टेकेर, ऐनमा टेकेर नियममा टेकेर हो । कार्यविधिमा टेकेर हो र हामीलाई त्यसमा काम गर्ने हो । हामीले नयाँ कानूनहरु बनाउदाखेरी अहिले कति पय संघीय कानून हरु पुरानै अहिले पनि पुरै बनिसक्या छैनन् । कानून बनाउने पहिलो काम संघको हो । प्रदेशको पनि हो र स्थानीय तहलाई पनि त्यो अधिकार छ । हामीले यति धेरै गर्याछौं गण्डकि प्रदेश सरकारले मेरो हजुर बुवा एकदम एक्टिभ हुनुहुन्थ्यो किसान हो, उहाँ । अनि म बच्चैमा पनि अल्लि धेरै सानै उमेर हुँदा खेरी नी धेरै उचाल्नी के । अल्लि छिटो छिटो गर्न पर्नि हतार गर्ने जे कुरामा पनि । ए बावु नगर है नगर अलि धेरै उचालिस भने गानो जान्छ के अल्लि बिचार गर त सानै छस भन्नु हुन्थ्यो के । यो गण्डकी प्रदेश सरकारले मेरो हजुर बुवाले भने जस्तै गानो जाने गरी काम गर्या छ । अब कल्ले भन्दिने त्यो कुरा भन्नुस् त । अरुले भन्दैनन् । पार्टी हाम्रो विबादमा छ। भने त्यही मन्त्री स्थापित हुन्छ किन भन्ने अर्को चोटो त्यसलाई फालेर आउन पर्यो त्यो पार्टी कार्यकर्तालाई झगडा छ । गुड बन्दि छ । मन्त्री विचारा अब त्यो कारखानाको मेकानिकल इन्जिनियर जस्तो लुगा खोलेर त्यहाँ बस्दा खेरी हाम्रो मुख्यमन्त्री भन्नुहुन्छ के कहिले काही, के गर्नी यस्तो संयन्त्र छ हाम्रो, यस्तो संयन्त्रमा काम गर्न पर्याछ। ल्याउन पर्याछ, समृद्धि, बनाउन पर्याछ सबैलाई सुखी । यदि पशुको दाँइ हाल्दा खेरी पुचार निमठ्दा पशुको पुछार भाचिन्छ, हाम्रो संयन्त्रको पुछार छैन । निमठेको छु, निमठेको छु, हिड्दै हिड्दैन संयन्त्र । गाली मैले खान परेछ, गाली प्रदेश सरकारले खान परेछ। हाम्रो मुख्य मन्त्रीजीले बेदना पिडा पोख्नु हुन्छ हामीसँग । त्यो गानो जाने गरी र त्यो पुछार भाँचिने गरी सरकारले काम गर्या छ । त्यो तपाईंहरु भनि पनि रहनुभछ । गण्डकी प्रदेश सरकारप्रति कुनै माननीय

सदस्यहरुले यसले गरेन, यो बेठिक छ, अहिले यत्रो गरेर हामी पनि त यो अब यहाँ धेरै माननीय सदस्यहरुले अनुनय विनय गर्नु भो। यस्तो ७० वर्ष देखि लडेर १७ हजार मान्छे मरेर, अरवौ सम्पति हिनामिना गरेर ल्याएको लोकतन्त्र, गणतन्त्र अब त ५ वर्ष चुनाव हुन्न होला भनेको फेरि ३ वर्षमा चुनाव भयो । अब हाम्रो अनुनय विनयको केही अर्थै छैन । यो अनुनय विनय मैले उही माथि संविधान सभा भित्र पनि गरेको हो । हामीले संविधान जारी गरेम । अनि २ वर्ष भित्र चुनाव गर्ने भनेर भन्दै थिएम। अनि त्यही सरकारमा हाम्रै के.पि ओलीको नेतृत्वमा हाम्रो माओवादी सहित संयुक्त सरकार बनेको थियो ।संविधान जारी हुँदा खेरी सुशील कोइरालाको, इन्डियाले नाका बन्दि गरिसक्यो । इन्डियाका ठुलठुला मान्छेहरु संविधानसभा भित्र आथिए । संविधान त्यो ३ ओटा बुँदा पहिलो दिन हामीले किन थाहा छ माननीय सदयज्यूहरु? आज भन्न पनि पर्यो । हामी ४२० जना युवा सांसदहरुको एउटा कमिटि थियो । हामीले सम्माननीय सभाध्यक्ष सुवाश नेवाङ दाईलाई गएर घेरेम । सुवाश दाई उठ्नुस त भन्दा खेरी नेताहरु आउनुभाछैन भन्दै उठ्दै न उठ्ने चियरबाट । अनि नेताहरु हाम्रो सम्माननीय के.पि ओली आइसक्नु भाथ्यो । सुशील कोइराला प्रधानमन्त्री हुनुहुन्थ्यो, आउनु भाथेन । पछि हामीले अब तपाइँहरुलाई आजै यो संविधान सभाबाट एउटा प्रस्ताव पास गर्नु भएन भने हामी तपाईंहरुलाई छोड्दैनौ भनेपछि म यहाँ कुटिने भए, म यहाँ फेरिने भए तपाईं आउनुस् भनेर सभामुखले प्रधानमन्त्रीलाई फोन गर्नु भो । प्रधानमन्त्री आउनु भो । प्रधानमन्त्रीले हामीसँग १ मिनेट टाईम माग्नु भाथ्यो । मलाई १ मिनेट दिनुस कुरा मिल्दैछ, न आत्तिनुस् माननीय सदस्यहरु । मलाई १ मिनेट टाइम दिनु भयो भने संविधान जारी गरेपछि यो राम्रो हुन्छ। भन्दा खेरी हामी हुँदैन तपाईलाई १ मिनेट होइन १ सेकेन्ड दिँदैनम भनेर हामीले त्यो दिन जबरजस्त गरेर पहिलो दिन ३ ओटा प्रस्तावहरु हामीले पास गरेर संविधान सभामा ताली बजाएको तपाईंले टि.भि.mf पनि हेर्नु भाथ्यो । यो संविधान ल्याउने बेलामा पनि धेरै ठुलो चलखेल भाथ्यो। त्यस पछि संविधान आयो । हामीले भर्व गयौं । अब जनताको संविधान आयो मैले संविधान सभा भित्र सुवाश दाई

लाई दाई यो अझै पनि संविधानले हामलाई फेरि दिगो शान्ति दिन्न कि, स्थिरता दिन्न कि भन्दा खेरी तपाईं यस्तो कुरा गर्नुहुन्छ माननीय सदस्यले । यो संविधान २ सय वर्षका लागि लेखेको हो । अब २ सय वर्षको संविधानमा केही तल माथि गर्न पर्दैन । आवश्यकता अनुसार समयमा परिवर्तन आउँदा खेरी , समाजमा विकास हुँदा खेरी गर्नी कुरा त हामले जतिबेला पनि संविधानमा फेर्ने कुरा राख्या छौं । संशोधन हामीले आवश्यकता अनुसार जतिबेला पनि गर्न सक्छौ । ढुक्क हुनुहोस् । अनि त्यो संविधान जारी गरेर हामी कानून बनाउँदै थिएम । निर्वाचनको तयारी गर्दै थिएम । हाम्रो के.पि ओलीको सरकार माथि एका एक अविश्वाश प्रस्ताव आयो संसदमा। त्यो बेलामा ल अब संसद बिघटन हुन्छ के के हुन्छ भनेर हल्ला गरे । उहाँले लामो जवाफ दिएर छोड्दिनु भो र मैले त्यही बेला रोष्टममा गएर मैले बोले, २०० वर्षलाई हुन्छ भनेको अब संविधान कानून बन्या छैन, निर्वाचन भाछैन फेरि त्यो अस्थिरताको खेल सुरु भयो । सम्माननीय सभामुख महोदय, यो त अति भयो यो राजनीतिक दुर्घटनामा जान्छ कि मुलुक भन्दा खेरी मलाई त्यो बेलाको माननीय कानून मन्त्री हुनुहुन्थ्यो, हाम्रो रमेश लेखक । उहाँले जवाफ दिनु भो, संसदमा उठेर माननीय सदस्य, संविधानमा लेखेको कुरा सरकार परिवर्तन गर्ने कुरा संसदको सङ्ख्या भित्रले निर्धारण गर्छ । तपाईंले अनुनय विनय गरेर, भावनामा बगेर सरकार टिक्दैन माननीय सदस्य, तपाईंले सङ्ख्या गुमाईसक्नु भाछ अब तपाईले राजिनाम दिनु भन्दा बाहेक तपाईंको प्रधानमन्त्रीको उपाय छैन भनेर जवाफ दिनु भयो । अनि ठिकै भन्नु भो, संविधनामा गरेर । अहिले पनि यो असंवैधानिक कदम हो भनेर माननीय सदस्यहरुले धेरै जनाले यहाँ भन्नु भो । यो कसरी असंवैधानिक कदम हो? यो प्रतिगामी कदम हो भनेर यहाँ भन्नु भो, कसरी प्रतिगामी कदम हो? एउटा प्रधानमन्त्रीलाई २ वर्ष देखि कोठा भित्र थुनेर अनि प्रधानमन्त्री कार्यालय जान लाएपछि कम्रेड मिटिङ राख्न पर्यो, सचिवालयको भनेर बोलाएको छ बाटो छेकेको छ अनि त्यहाँ गको छ । यता हाम्रो माननीय चित्र बहादुर के.सी. सदस्यले बिर्किम्लाहरु गन्न गाह्रो हुन्छ, रोक्यो भने फुत्किहल्छन् कि बिर्किम्ला भन्नुहुन्थ्यो । बिर्किम्लाहरुले ७०/९० जनाले सही गरेर

अविश्वाशको प्रस्ताव राष्ट्रपति कार्यालयमा पुगिसकेपछि राष्ट्रपतिले प्रधानमन्त्रीलाई बोलाएर ल है तपाईं पार्टी अर्को अध्यक्षकोमा जानुस भनेर प्रधानमन्त्री दौडेर अध्यक्ष कहाँ जानु भो अध्यक्षले अब तपाईं रहनुहुन्न हामले अविश्वासको प्रस्ताव ल्याउँछम, राष्ट्रपति पनि खाली खुट्टाले त्यहाँ राष्ट्रपति भवनबाट निक्लनु हुन्छ, तपाईं पनि खाली खुट्टाले बालकोट जानी हो भनेर भनेपछि मानम कम्रेड यसो नगर्नुस्, यत्रो हामीले एकता गरेम । समाजवाद ल्याउनुछ । हामीले स्थायित्व दिनुछ । यो संविधान कार्यान्वयन गर्नुछ । यसो नगरौ, तपाईंहरु शान्ति प्रकृयामा आउनुभाछ। हामले पार्टी गराछम, जनता प्रति धोका हुन्छ भन्दा खेरी हुँदैन । भनेर फर्केर आएर उहाँले त मन्नु भएन मान्नु भएन, यो युद्दको कमाण्डर हाम्रो गृहमन्त्रीकोमा गएर अध्यक्षले मान्नु भएन, दोश्रो अध्यक्षले तपाईंले साथ दिनुस भनेपछि उहाँले सबै बेदना राखेपछि हुन्छ कम्रेड भनेर उहाँले नै आएर अस्ति बालुवाटारमा यो कदम अग्रगमन हो । यदि हामी यो निर्वाचनमा नगभा यो मुलुक, प्रतिगमनमा जान्थ्यो, यो कदम बैधानिक हो । एउटा निर्वाचित प्रधानमन्त्रीले चुनावमा जानेकुरा सरकार चलाउन नसकेपछि भनेर हाम्रो गृह मन्त्रीले भनेको कुरा हो । माननीय सदस्यहरु, यो हामले एउटा भारतमा मोदी प्रधानमन्त्री हुनुहुन्छ । त्यहाँको प्रधानमन्त्रीलाई कुनै पार्टीले रोकेर के गर्ने भन्ने भन्दैन । हाम्रो संवैधानिक नियुक्तिमा १५० जना भन्दा बढि संवैधानिक नियुक्ति गर्ने, नियुक्तिहरु रोकेर राखेर एउटा कार्यकारीले नियुक्ति बोलाउँदा खेरी सभामुख त्यो बैठकमा जानुहुन्न । अनि एउटा एग्रीमेन्ट भएको कुरा संसदमा ल्याउनै जरुरत थिएन । त्यो अर्थमन्त्रालयले गरेर हुने एमसिसिको कुरा पार्टी भित्र प्रवेश गराएर त्यो कुरा सदनामा नगरेसम्म हुन्न भनेर विकासको काम रोक्ने अनि प्रधानमन्त्रीले यो संसद विघटन गर्ने कुरा कसरी असंविधानिक हुन्छ कम्रेड भनेर सोध्दा खेरी अनि अहिले हामी यहाँ आएर भावनाको कुरा गरेर केही अर्थ छैन । यो पूर्ण संवैधानिक हो । यो हाम्रो प्रधानमन्त्रीले यो एकदम बाध्य भएर गर्नुभएको हो । म संविधान सभामा म र विपिन कोइराला २ जना मात्र हो । विपिन कोइराला एकदम संविधान विद, उहाँले यो प्रधानमन्त्रीलाई कोठा भित्र गुम्स्याएर राखेर हुँदैन, उ एउटा शक्ति सित हुन्छ, एउटा ग्याँस

च्याम्वर भित्र  राखेर गर्यो भने त्यो आफै विष्फोट हुन्छ । यो एउटा प्वाल राख्न पर्छ भन्दा खेरी त्यो बेला कोही कन्मिन्स हुनु भएन । आज एउटा राष्ट्रको प्रधानमन्त्रीलाई जनता बाट निर्वाचित प्रधानमन्त्रीलाई महादिवेशनबाट निर्वाचित अध्यक्षलाई घेरा हालेर, थुनेर त्यसलाई हटाउँछु भन्दा खेरी अहिले काठमाण्डौमा बस्ने बुद्धिजिविहरु नामकाले जथाभावी बोलेर गाली गरेर, संविधान मिच्यो भनेर यो होइन । उ राजनीतिक मान्छे हो। उ राजनीतिबाट निर्वाचित भएर आएको हो । उसले हिजो लामो समय देखि म पाँचौ महादिवेशन देखि म लगातार केपि ओलीकै टिममा काम गर्छु । उहाँ १५ वर्ष माधव नेपाल अध्यक्ष हुँदा खेरी जहिले दोश्रो बेन्चमा बस्नुभो । कहिले पालो मिच्नु भएन । आठौं महादिवेशनामा  बुटवलमा उहाँले चुनाव जित्नु भाथ्यो । विदेशबाट आउने प्रतिनिधिहरु थपेर उहाँलाई १०० भोटले हराइयो  तर उहाँ कहिल्यै आत्तिनु भएन। जनकपुरको महादिवेशन पछि पोखरा एउटा भेलामा यहाँ हितकाजी कम्रेडको घरमा भेला थियो । त्यहाँ अब यो पार्टीमा काम गर्न दिँदैनन् । यसले लोकतन्त्र जोगाउँदैनन् भन्दा खेरी पनि हामले त्यो बेलामा पनि पार्टी भित्रै लड्न पर्छ यो जान हुँदैन, बैधानिक लडाई जस्तो ठुलो कुरा  हुन्न भनेर लिएर आएपछि नवौं महादिवेशन आउँदा खेरी एउटा २० वर्ष कुरेको अध्यक्षलाई, महादिवेशनबाट निर्वाचित भएको अध्यक्षलाई महादिवेशमा जान्छु भन्दा खेरी जान नदिने, बैधानिक हुन्छ कि, लोकतान्त्रिक हुन्छ कि अलोकतान्त्रिक हुन्छ। माननीय सभामुख महोदय, उहाँले म महादिवेशनमा जान्छु, म अध्यक्ष छोड्छु, म चुनावमा जान्छु, प्रधानमन्त्री छोड्छु २ वर्ष मलाई दिनुस् भन्दा खेरी  नदिएर आज बाध्य बनाएर प्रधानमन्त्री जानु भएको म अस्ति जिल्ला गाथे।  एकजना पार्टीमा पुरानो काम गर्ने नेताले भन्नु भो, म पहिला धेरै वर्ष भूमिगत कालमा काम गरे, अहिले मैले १०-१५ भयो काम छोडेर बस्या थिएं । अहिले फेरि देशको शंकट भाको हुनाले म फेरि आए कम्रेड भने उहाँले सुनाउनु भो । किन कम्रेड भनेको यत्रो हामले वैधानिक लडाई लडेर दुख गरेर ल्याएको लोकतन्त्र फेरि अफ्ठ्यारोमा पर्यो, अहिले यसलाई बचाउनका लागि हिजो ५४ सालमा पनि हामले पार्टी फुट्दा खेरी हामले पार्टी बचाएर ल्याएम । त्यो बेलामा धेरै

कार्यकर्ताहरु निराश भए । अब पार्टीको काम छैन। अब यो चल्दैन भने। अहिले फेरि त्यस्तै अवस्था आछ । अब फेरि यो पार्टीलाई बचाउनका लागि, फेरि यो निकास दिनका लागि हामी कृयाशील हुनपर्छ भनेर अहिले इमान्दार कार्यकर्ताहरु लागेका छन्। हामीले जति सुकै भनौ। अहिले हेर्नुस् त यो मैले भनेको होइन। हाम्रो प्रधानमन्त्री जहाँ जानुहुन्छ, त्यहाँ जहाँ सुकै एउटा ठुलो जमात छ । त्यो जमातलाई ठुलो एउटा जनताको समर्थन छ । त्यसलाई देख्न नसक्ने, अहि त्यहाँ पञ्च भेला भनेर त्यो आरोप लगाउने। आफु गएर मरिहत्ते गर्दा खेरी आफ्नो भेलामा ५० जना आउँदैनन् । अर्कोले आह्वान गर्या भेला ५००० आए भने अनि देख्न नसकेर पनि चुनावमा पारा लाइन्छ । अनि चुनावबाट हारेकाहरु, चुनावबाट डराएकाहरुले आरोप लगाएर अब यो मैले धेरै जानीतिक कुराहरु यहाँ उठे, उठेकै विषयहरुलाई मैले यहाँ धेरै कुराहरु राख्ने कोसिश गरे र मलाई माननीय सदस्यले एउटा अत्यन्तै यो महङ्गीको बारेमा, अत्यन्तै धेरै एउटा सान्दर्भिक कुरा उठाउनु भो। महङ्गी बिचौलियाहरुको हातमा छ। यसलाई कन्ट्रोल गर्न पर्यो र सुन्तलाको उदाहरण दिनुभो । यो विषयमा मैले धेरै चोटी हेरें मैले । गाउँमा दुध किसानले ४५ रुपैंया ५० रुपैंया ६० रुपैंयामा बेच्छ । यहाँ बजारमा १२० रुपैंया छ, यो के भएको होला भनेर यो त्यो दुधको एकदिन अध्यायन गर्दै गए । गाउँमा सुन्तला ५० ५५ रुपैयांमा बेच्छन, यहाँ १२० रुपैंया होला। यो के होला भनेर मैले त्यो पनि खोज्दै गए । त्यसमा बिचौलियाले भेटाए भने त अलि अलि लुटिहाल्छ । अलिअलि ठगिहाल्छ उत्पादक र उपभोक्तालाई । हामीले त्यसलाई कन्ट्रोल गर्याछम माननीय सदस्यज्यू । त्यो दुधको के रैछ भने गाउँमा दुध ल्याइसकेपछि यहाँ दुध ल्याउंदा खेरी उसको ढुवानी र त्यो दुध त्यहाँ कलेक्सन गर्ने यहाँबाट यो क्यान लएर छोड्ने त्यो सबै गर्दा खेरी त्यसलाई अझै १-२ रुपैंया घटाउन सकिन्छ कि भनेर हामी यहाँ त्यो किसानको हातमा पैसा पुर्याउन सकिन्छ कि भनेर एकदमै अहिले किसान रु पनि बाठा छन् । हामले किसानलाई आफै दुध ल्याउन लायौं । यहाँ लोकल गाडीहरुमा हालेर । अनि किसानहरुले १/२ महिना ल्याउनु भो । तर पछि फेरि ल्याउँदा खेरी होइन बरु त्यो हामले यतिमै दिदा बढ्ता

पर्दो रैछ भो त्यसैमा दिम भनेर अहिले तिनीहरुले ल्याउन लाए । हामले सुन्तला पनि सिधै यहाँ किसानहरुलाई यहाँ पोखरा सम्म ल्याउन लाएम । आलु पनि ल्याउन आएम। अनि उनीहरुले त्यो परिक्षण गरेपछि उत्पादकले हैन यति रुपैयां दिदा मेरो मार पर्दैन भनेर गरे। यसमा सरकारले मैले स्थानीय तहका धेरै जनप्रतिनिधिहरुलाई पनि भन्या छु। तपाईंहरुले किसानले उत्पादन गरेको चिज किन्दिनुस् तपाईहरुले र तपाईंहरुले बजारसम्म पुर्याइदिनुस् । त्यसमा सरकारले लगानी गर्नुस् र किसानका हातमा पैसा जान दिनुस् । बिचौलीयाको अन्त्य गर्नुहोस् भनेको स्थानीय तहलाई भनेको त्यो गर्दैन । त्यो प्रदेश सरकारले नै हामीले गर्नका लागि हामी कार्यविधि बनाएर गर्न सक्छौ त्यो । एकदमै राम्रो यो एकदम रियल कुरा हो । माननीय सदस्यले गहिराईसम्म गएर उहाँले किसानसँग जोडिएको मान्छे । उहाँ समस्यालाई गहिरो गरी बुझ्ने मान्छे हो । यथार्थमा आरोप लगाउने मान्छे होइन उहाँ माननीय सदस्य । मैले त्यो भा हुनाले यसलाई प्रदेश सरकारले प्रदेश सरकारले हामी बजार अनुगमन नियमावली पनि बनाएका छौं । अब यहाँ माननीय सदस्यहरुले कति ठाउँमा सरकार गयो त भन्नु भो, सरकारको मन्त्री अजार अनुगमन गर्न जाने होइन । हाम्रा संयन्त्रहरु जाने हो । हाम्रो प्रत्येक यहाँ बजार अनुगमन निर्देशनाय बाट हाम्रो बजार अनुगमनमा कुन जिल्लामा कति ओटा पसलमा हामी पुग्यौं । के के कुरा हामीले ल्याएम। र कुन ठाउँमा कति ओटा बजारमा हामी गएम र कहाँ कहाँ हामीले के के समस्या समाधान गरेम । म एउटा सिम्बोलिक रुपमा मात्र माननीय सदस्यको मसँग सबै विवरण छ त्यो । त्यो सबै भन्दा माननीय सदस्यहरुलाई म दिन्छु। तपाईंले यथार्थता फेरि यो हाम्रो २ जना माननीय सदस्यहरुले एकदमै विवरणै ल्याउनु भो। यो त्यो कहाँबाट ल्याउनु भो कुन्नि ? मसँग पनि एकदम यथार्थ हाम्रो योजना आयोगको उपाध्यक्षले ल्याउनुभएको विवरण छ । यो कुन-कुन मुल्यमा कति-कति बढ्या छ? यो विश्व बैंकको एउटा डाटा हो एउटा हाम्रो गण्डकी प्रदेशको उद्योग तथा हाम्रो नीति तथा योजना आयोगले गरेको डाटा हो । उहाँहरुले यो स्टाटस पेपरमा राखन्का लागि अध्ययन बजार नै अध्ययन गरेर ल्याउनु भएको हो । अहिले भारतमा ३.३% ले

बृद्धि भाको छ। हाम्रो बजारको श्रोत भनेको भारत हो । त्यो आइसीमा हिसाब गर्दा खेरी हामी कहाँ ६.१५% ले बृद्धि भाको छ। ल यो डाटामा कही नेर फल्ट छ भने माननीय सदस्यहरु र हामी मन्त्रीहरु जाउँ । राष्ट्र बैंकको प्रतिनिधि पनि राखौं । बजार उद्योग ब्यावसायीहरु पनि नी राखौं । हामीले ब्यापारीहरु नाफा मात्र गर्नि हुन् सेवा गर्दैनन् चिन्तनबाट हटाइदिउं। गण्डकी प्रदेशका उद्योग ब्यावसायीहरु असाध्यै धेरै इमान्दारिता देखाए अहिले। पहिला पहिला के गरे हामलाई थाहा छैन । कोभिड बेलामा यहाँ संकट आयो । अब सामानको अभाव हुन्छ भनेपछि ब्यापारीहरु आउनु भो । विश्व नै कोभिडको मारमा परेको बेलामा हामले यो नाफा खान्नम मन्त्रीज्यू, हामीले कतिमा माल बेच्नी हो भन्दिनुस्। हामी सँग यति यति स्टक छ । यो तपाईले विवरण लिनुस्, कहाँ कहाँ समस्या हुन्छ हामलाई पुऱ्याइ दिनुस् भनेपछि हामले एउटा सहज प्याकेज भन्ने सहज प्याकेज भन्ने पनि बनाएम । यही रोष्टमबाट, यही उद्योग बाणिज्य संघमा प्रतिनिधि अध्यक्ष भएको माननी सदस्यले गण्डकि प्रदेशको आपूर्ति उद्योग मन्त्रालयले राम्रो गर्यो। बजार महङ्गी नियन्त्रण गर्यो भनेर यहीबाट भन्नु भाथ्यो । अब यो विशेष प्रस्ताव आउदा खेरी विपक्ष दलको माननीय सदस्यले रोष्टम बाट भन्या कुरा हो । त्यो मैले ले भन्या कुरा होइन । अहिले त फेरि यो ल्याउनु हुन्छ। कहाँबाट आउँछन् यस्ता डाटा। रियालिटीमा हेरौं । एकदम अङ्क अङ्कमा गएर सत्य र तथ्यमा गएर हेरौं । हामी एकदमै जिम्मेवार भएर काम गरिराछौं । मलाई एकदम डर लाग्छ कहिले कहिले हाम्रो मुख्यमन्त्रीज्यू, मेरो प्रेरणाको श्रोत हो । हाम्रो सोमनाथ प्यासी प्रेरणाको श्रोत हो । मलाई प्यासीजीले प्रत्येक चोटी भन्नु हुन्छ फोन गरेर । म यहाँ छु, मन्त्रीज्यू, तपाईंले काम गर्दा खेरी कसैले कोइसन उठाउने गरी काम गरेको मैले सुन्न नपरोस है। मैले यत्ति कुरा मेरो छोरा छोरीहरु छन्। कतिका छोराछोरीहरुले पिरोल्छन् होला, बबा स्वाभिमान गुमाएर केही गर्न हुन्न है । कसैले फसाउलान् है हाम्रो माननीय मन्त्रीको एउटा टेप रेकर्ड बाहिर आएपछि

**( माननीय सभामुखज्यू : माननीय मन्त्रीज्यूले समयलाई ख्याल गर्न पर्यो। )**

एकदम हामी एकदमै जिम्मेवार भएर काम गरेका छौं । तपाईंले कँहीनेर १ रुपैंयाको तलमाथि भएको कुरा ल्याउनुस् । हामीले काम गर्दा खेरी कहीनेर समय लस भएको कुरा ल्याउनोस् । हामीले त्यो सबै कुरा जवाफदेही हिसावले काम गरेका छौं । बजारमा अहिले महङ्गी ६.१५% ले भएकै छ । अस्ति प्याजको ११० रुपैंयामा बजारमा बिक्री भयो । मैले तुरुन्त त्यहाँको निर्देशकलाई बोलाएर ल्याएर प्याज कतिमा किनेर ल्याछ । भनेर त्यो मुल्य ७० रुपैंया कायम गरियो । यहाँको एउटा हस्पितलले २ हजार रुपैंयामा गरिएको इन्डोस्कपिलाई ५ हजार रुपैंयामा गर्ला हामी दगुरेर गएम त्यहाँ । किन ५ हजारमा गर्नु भो भनेर भनेपछि अब कहाँ सकिन्छ हजुर कोभिडका बिरामी अनि यहाँ हामलाई कोभिड लायो भने के होला भनेर  तुरुन्त बन्द गर्दिन्छौ भनेपछि पछि २५०० रुपैंयामा एग्रीमेन्ट गरायौं । किन भने त्यो उसले लगाउने पिपिइको मुल्य जोडेर हामले त्यसरी काम गर्या छम । हामी एउटा मन्त्रालय यहाँ प्रदेश सरकार नजिक भएको हुनाले घट्ना घट्नामा हामी पुगेर त्यो कुरा गर्‍याछम्। सरकारले त्यो कुरा भन्दैन । हाम्रो बजारका मिडियाले त्यो कुरा लेख्दैनन्। बिहानै देखि गलत कुरा ध्यान नै हामले गरेका कुराहरु जनताको बीचमा जाउन् । सरकारप्रति जनताको कोइसन छैन । अहिले निर्वाचन छिटो भयो भन्ने आपत्ति होला, जनताको बीचमा जाँदाखेरि  फेरि पनि के.पि. ओली सरकारले जित्ने कुरा निश्चित छ। पहिला ९० सिट हो अब १२० सिट आउँछ । पहिला ३३ लाख भोट हो, अहिले ५० लाख भोट आउँछ। तर हामी सरकारका प्रतिनिधिहरु मन्त्रालयमा आज कान्तिपुरले लेख्या रैछ, मन्त्रीहरु जनताको बीचमा सिहंदरवारमा सुनसान । अब सरकारलाई अहिले निर्वाचनमा जान पर्या छ । को सिहं दरवार बस्छ । माननीय मुख्यमन्त्रीज्यू, म पनि अब यो मन्त्री फेरि बैशाखमा चुनाव लड्ने इच्छा छ । म संघमा जाने हो, हिजो पनि संघमै थिए । म छिटो गरेर बरु यहाँ कसलाई ल्याएर

राखेर यो मन्त्रालय चलाउने हो मन्त्री खोज्नुस्, म चुनावमा जानी हो। तपाईं मेरो पार्टीको इन्चार्ज पनि हो । मलाई संघको टिकट दिनुस् यो संविधान बचाउन पर्छ । अब आज देखि फेरि म यो संसदमा आउँछु कि आउन्न । किन भने बैशाखमा चुनाव जिते भने माथि नै जाउँला। मैले म गैन भने पनि मेरा मेरो सरकारको के पि ओलीले सही गरेको मान्छे त्यहाँ जान्छ। त्यसलाई जिताउनुपर्छ । हामले १२,००० भोटले संघमा जितेका हाम पहिल्यै। यो पटक १५,००० ले जिताएर ल्याउँछम । मलाई अस्ति त्यो जनताको बीचमा जाँदा खेरी कार्यकर्ता भेलामा उपस्थित हुँदा खेरी मैले हेरेर आको छु । मलाई १/२ वटा कुराले साह्रै चित्त दुख्या छ । सभामुख महोदय, आज हाम्रो सम्मानित राष्ट्रपतिप्रति जुन किसिमको एउटा आरोप लगाएर सडकमा ज्याजती गरियो । आज यो नेपालमा हेर्नोस्। हाम्रो हिजो सिता जी । जसले रामचन्द्रसँग विबाह गर्नु भो, उहाँको अहिले पनि हामी उहाँलाई रावणले गरेको त्यो दास युगमा लेखेको कथा हो त्यो । यसलाई धोवीले भन्यो भनेर उहाँ जमिनमा लोप भएर जानु भो, भनेर त्यो हामीले कथामा पढ्न पाउँछौं । हाम्रो सम्माननीय राष्ट्रपति हाम्रो महिला दिदि बहिनीहरु, आमाहरु यो मुलुकमा एक जना महिला राजनीतिबाट आएर इमान्दार पूर्वक, निष्ठापूर्वक काम गरेर पहिलो चोटी सम्मनीत भएर हामले निर्वाचित गरेर बनाएको प्रधानमन्त्री होइन? एक जना माननीयले सडकमा महाराज आँखा नचम्काई बक्सियोस् भनेर भन्यो । त्यो माननीय सदस्यहरुले उहाँलाई के हेर्नुभाछ। फुलका आँखामा फुलै संसार, काँडाका आँखामा काँडै संसार । उहाँले उहाँलाई जहिले सुकै महाराज देख्नु भछ । उहाँ आर्मीको छोरो, उहाँले त्यहाँ जो बसे पनि महाराज देख्नु हुन्छ । हामले त एउटा जनताको छोरी त्यहाँ जानुभाछ । हामले उहाँलाई सिता जी देख्याछम । एउटा त्यो आरोप लाउन पाइन्छ कि पाइदैन ।

**( माननीय सभामुखः माननीय मन्त्रीज्यू समयलाई ख्याल गर्न पर्यो, यसको निश्चित समय)**

सभामुख महोदय अब मन्त्रीलाई कुनै टाइम हुँदैन । अब सभामुख महोदयलाई पनि यो राजनीतिक कुरा सुन्दा गाह्रो भयो भने मैले मेरो भनाई यही अन्त्य गर्न चाहान्छु धन्यवाद ।

## माननीय सभामुख नेत्रनाथ अधिकारी

मन्त्री, माननीय सदस्यहरु, अब यो छलफल यही समाप्त हुन्छ । माननीय सदस्यहरु अब यो बैठक २०७७ साल माघ ४ गते दिनको १ बजे सम्मको लागि स्थगित हुन्छ।